दायित्व

(मासिक)

वर्ष ४ | २०४७ आश्विन | अङ्क १२

प्रधान सम्पादक
कृष्ण बाउसे
कार्यकारी सम्पादक
राम प्रसाद पन्त
रचना सम्पादक
तारा कार्की

सल्लाहकार
डा. मथुरा के. सी.
डा. भोला रिजाल
विशेष सहयोगी
कृष्ण बहादुर थापा
ठाकुर प्रसाद शर्मा
क्षेत्रीय प्रतिनिधि
पद्म प्र. निरौला (पूर्व)
विष्णु प्र. भण्डारी (पश्चिम)
अन्य सहयोगी
गिरिराज पन्त

प्रकाशक
दायित्व प्रकाशन
२१/१५३ डिल्लीबजार
काठमाडौं

मूल्यः–
संस्थागत प्रयोजनका लागि रू. १०।–
सर्वसाधारणका लागि रू. ५।–
सहयोगी शुल्क रू. ५००।–

के ?		कसको ?	कहाँ ?
भेटवार्ता			
समाजले समाजको लागि... ...	–	भागीरथी श्रेष्ठ	१
साहित्य विविध			
कवयित्री छिन्नलतालाई... ...	–	अच्युतरमण अधिकारी	६
आफैंलाई टेकेर हिंड्दा	–	फणीन्द्रराज 'खेताला'	३२
इरानियन शील्पकला... ...	–	डा० मथुरा के. सी.	२९
साहित्यकारको रूपमा विश्वेश्वर...	–	राम प्रसाद पन्त	३७
यात्रा स्मरण			
यसपालाको मेरो दर्शे... ...	–	दार्सिङवासे माइलो	२३
कथा/लघु कथा			
अन्तर्द्वन्द	–	इन्द्रकुमार श्रेष्ठ 'सरित्'	९
अन्त्य नभएको शृङ्खला	–	अनन्त शर्मा	१४
विस्फोट	–	राजेश्वर रेग्मी	१८
दुई लघु कथा	–	कृष्ण जि. सी.	३०

स्थायी स्तम्भ

विज्ञान जगत् / एक फन्को अनेक ज्ञान / खेल संसार / दायित्व बोल्छ ! ब्रह्माण्ड / पुस्तक परिचय / बुझि नसक्नु छ ! / मननीय कुराहरू

कविता/गजल/मुक्तक

कृष्ण भट्टराई 'संगम' ५, रवि पन्त ५, माणिकरत्न शाक्य ८, डिल्लीराज अर्याल ८, प्रकाश खतिवडा १३, वसन्त प्र. उपाध्याय १७, रूद्र झवाली १७, बोधराज पन्त २१, वासुदेव अधिकारी २२, सुश्री बाबा बस्नेत २८, पराश त्यौपाने ३०, विप्लव ढकाल ३१, विश्व निरन्जन टण्डन ३५, मोहन दुवाल ३५, **ARPI** अनपढ ४१, चेतनारायण आचार्य ४३, जननि प्रसाद रिजाल ४३, बी. पी. शाही ४६, खडानन्द पौडयाल ४६

सम्पादकीय

卐 आज नेपालमा प्रजातन्त्रको पुनर्बहाली भएको छ । पञ्चायती तानाशाही व्यवस्थाले खोसेको मौलिक अधिकार र वाक प्रकाशन स्वतन्त्रतालाई नेपाली जनताले पुनः उपभोग गर्न पाएका छन् । स्वतन्त्रताको यो एउटा पहिलो चरण हो । हामीले राजनैतिक संघर्ष गरी सक्यौं । एकलौटी निरंकुश सरकारलाई पराजित गरेर जनताको सरकार बनाई सक्यौं । पूर्ण प्रजातान्त्रिक ढङ्गको नेपाल अधिराज्यको संविधान पनि जनसमक्ष आउँदै छ । अब हामीले जनताका आधारभूत आवश्यकताहरू पूरा गर्न र देशलाई प्रगतिको पथतिर लैजान आर्थिक संघर्ष शुरू गर्नु परेको छ । यो लक्ष्य पूरा गर्न सम्पूर्ण नेपालीमा देश–प्रेमको भावना जागृत गराइनुपर्छ र सच्चाई र इमान्दारिताको सपथ खाएर एकजुट भै उठ्नुपर्छ ।

✱ आजको सरकार एकपक्षीय वा एकवर्गीय हितको लागि गठन भएको होइन, सबै पक्ष र सबै वर्गको हितमा यसको उत्तिकै समान दायित्व छ । विभिन्न पेशाका विभिन्न जनजातिमा के कस्ता समस्याहरू छन् ती सबैलाई विधिवत केलाएर समाधान गर्नु वर्तमान अकाट्य आवश्यकता हो ।

✿ यसै सन्दर्भलाई लिएर नेपाली साहित्यको पनि चर्चा उठाउन सकिन्छ । साहित्य भनेको कुनैपनि देशको गहना हो, समाजको दर्पण हो, सभ्यताको प्रतीक हो । जसको अभावमा मानिसको जीवन अधूरो हुन्छ, अपूर्ण र अशोभनीय हुन्छ । साहित्यले प्रचलित विकृति र विसंगतिलाई औंल्याई दिन्छ, त्यसैले राजनीतिमा साहित्यले अप्रत्यक्ष सहयोग गरिरहेको हुन्छ भन्न सकिन्छ ।

✿ तीस वर्षे अवधिमा असली साहित्यले सन्मान पाउन सकेन । भाट साहित्य र मण्डले साहित्यको त्यसवेला संप्रभुता रह्यो । रातारात साहित्यकार बनेर वितण्डावादीहरूले आफ्नो स्वार्थ पूरा गरे । विशिष्ट साहित्यकारहरूलाई अपमान गरेर पन्छाई तिनीहरूको ठाउँमा आफ्नो नाउँ दरे । पुरस्कारहरू-बाट उत्कृष्ट साहित्यकारहरूको सम्मान हुन सकेन । त्यसवेलाको उद्घाटनमुखी साहित्यले वितण्डावादी-हरूलाई चुलीमा चढाउन ठूलो मद्दत गऱ्यो । उनी-हरूको प्रचार गर्न अरू कसैको आवश्यकता पर्दैनथ्यो– गोरखापत्र, टी.भी., रेडियो र मण्डले पत्रिकाहरू उनीका पेवा थिए । तर अब त्यो अवस्था छैन, असली साहित्य र साहित्यकारको उचित सन्मान र कदर हुनेछ भन्ने हाम्रो धारणा छ ।

△ नेपाली साहित्यलाई अझ सशक्त र प्रगतिशील बनाई विश्व साहित्यको समकक्षमा पुऱ्याउन, साहित्यमा धेरै सुधार गर्नुपर्ने देखिन्छ । खस्कँदो नेपाली साहित्यलाई जीवित राख्न प्रेस नियम र प्रिन्ट कागज

लगायत विज्ञापन, बिक्री वितरण र आर्थिक सहयोगमा पनि श्री ५ को सरकारले उचित व्यवस्था मिलाउनु पर्छ ।

हाम्रो पत्रिका दर्ता हुन पनि प्रजातन्त्र आउनु पन्यो, कस्तो विडम्बना छ त साहित्यिक पत्रिकाको ! एउटा साहित्यिक पत्रिका दर्ता गराउन पञ्चायती शासनमा जस्तो सत्र बन्देज लगाई दिने हो भने कसरी प्रगतिको दिशातिर उन्मुख गराउन सकिन्छ नेपाली साहित्यलाई । त्यसैले विशुद्ध साहित्यिक पत्रिकाको विकासमा अवरुद्ध आउने खालका बन्देजहरूलाई हटाइनुपर्छ भन्ने हाम्रो धारणा छ ।

अन्तमा नेपाली साहित्यका महान प्रतिभा कथा एवं उपन्यासकार **श्री बी. पी. कोइराला**को ७६ औं जन्म जयन्तीको अवसरमा उहाँलाई श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै विजया दशमीको पुनीत उपलक्ष्यमा समस्त देशवासीमा नवदुर्गा भवानीले सुख समृद्धि प्रदान गरून् भन्ने शुभकामना चढाउँछौं ।

आभार प्रकट

डा. भोला रिजालले बनारसबाट **ISC**, ढाका मेडिकल कलेजबाट **MBBS, BGO** र **MCPS** जस्ता डिग्री हासिल गर्नु भएको छ । उहाँ नेपालको वरिष्ठ स्त्री रोग विशेषज्ञ हुनुको साथै "निसन्तान स्त्री" सम्बन्धी अनुसन्धाता पनि हुनुहुन्छ । र हाल त्रि. वि. शिक्षण अस्पतालमा निर्देशकको रूपमा कार्यरत हुनुहुन्छ ।

साथै उमेरदेखि गीत गाउन र साहित्य लेखनमा सौखीन डा. रिजाल मूलतः चिकित्सा क्षेत्रसँग सम्बन्धित हुनुहुन्छ ।

दायित्व परिवारले उहाँको बहुमुखी प्रतिभालाई कदर गर्दै सल्लाहकारमा बसिदिन आग्रह गरेबमोजिम सो पदमा आशीन भैदिनु भएकोमा दायित्व परिवार उहाँप्रति आभार प्रकट गर्दछ ।

हामी तपाईहरूको प्रतीक्षामा छौं

✱सुनिल पुरी सुनित, ✱आदित्य जोशी, ✱खिला तुम्बाहाम्फे, ✱अमिर निशाचर, ✱दुबसु क्षेत्री, रतन थापा, नारद गौतम, मुरारी पराजुली, लालगोपाल सुवेदी, हेमराज पाण्डे, कृष्ण प्रसाद पन्त, सानुराजा श्रेष्ठ 'अनजान', कैलाश भण्डारी, यदु पन्थ शान्ता गिरी 'क्षितिज', युवराज 'नयाँ घरे', नीलकण्ठ न्यौपाने, प्रमोद नेपाल, सुनिल सापकोटा, महेश रेग्मी, सुशील श्रेष्ठ र ✱ज्ञानुवाकर पौडेल ।

✱ तपाईहरूलाई पुनः प्रतीक्षा गराउनु परेकोमा क्षमाप्रार्थी छौं । प्र. सं.

भेटवार्ता

समाजले समाजको लागि केही सृजनात्मक काम गरोस्

–भागीरथी श्रेष्ठ

नाम:– भागीरथी श्रेष्ठ

जन्म मिति:– २००५ साल आश्विन

जन्म स्थान:– रिडी बजार गुल्मी, लुम्बिनी अञ्चल

पितमाताको नाम:– राजकुमार श्रेष्ठ (बजिमय)
जानकी बजिमय

बैवाहिक स्थान तथा पतिको नाम– भैरव स्थान पाल्पा,
दुर्गा प्रसाद श्रेष्ठ

शिक्षा:– स्नातक

प्रकाशित कृति र प्रकाशित साल:–

मालती (उपन्यास) २०३४

क्रमशः (कथा संग्रह) २०४२

मोहवंश (कथा संग्रह) २०४४

यस्तो एउटा आकाश (उपन्यास) २०४६

प्रकाशोन्मुख कृति:– उज्यालोको खोजी (कथा संग्रह)

सम्प्रति:– तारा गाउँ विकास समिति

लुम्बिनी अञ्चल गुल्मी जिल्लाको अत्यन्त पवित्र धार्मिक स्थल रिडी (रूरूक्षेत्र) मा एउटा साधारण परिवारमा जन्मेर शिक्षा हासिल गरेकी एक नारी– जसले प्रवेशिका परीक्षा पास गरेर केही समय त्यसै घरमा बस्नु परेको थियो । त्यसताका एउटी नारीले त्यो शिक्षा हासिल गर्नु भनेको ज्यादै ठूलो कुरा ठहर्थ्यो । त्यसमाथि पनि त्यो उमेरसम्म बिहा नहुनु भनेको त झन् उदाहरणीय कुरा हुन्थ्यो । ती नारी– जो तुरुन्त पराई घर जानबाट बचिन् र त्यही अवसर पारेर साहित्यकार बन्न पुगिन् । जुन नारीको सम्बन्धमा मैले यो भूमिका पेश गरें ती नारी प्रतिभाको नाम हो– **भागीरथी श्रेष्ठ ।**

आज नेपाली साहित्यमा नारी साहित्यकारको ठूलो कमी छ । श्री श्रेष्ठले आफूलाई साहित्य साधनामा लगाएर नेपाली साहित्यमा नारी सहभागिताको वर्चस्व कायम गर्नु भएको छ । एउटा साधारण घर परिवारकी नारीले घरमा गर्नुपर्ने सम्पूर्ण काम सकेर जागीर खाएर पनि फुर्सदको समयमा नेपाली साहित्यमा जे जति योगदान पुऱ्याउनु भएको छ, त्यही पर्याप्त छ ।

हामीले प्रत्येक अंकमा कुनै न कुनै साहित्यकारको भेटवार्ता लिंदै आएका छौं । तर अहिलेसम्म महिला साहित्यकारका विचारहरूलाई प्रस्तुत गर्न नपाउँदा उनीहरूप्रति अन्याय त भएन ! भन्ने महसूस गरी अहिले ती प्रतिभालाई पाठक समक्ष उभ्याएका छौं ।

उहाँले अहिलेसम्म त्यस्तो कुनै ठूलो पुरस्कार प्राप्त गर्न नसके पनि २०२३ सालमा लुम्बिनी अञ्चलस्तरीय साहित्य सेमिनारमा गद्यतर्फ सुवर्ण पदक र २०४३ सालमा कथामा 'रत्नश्री' सुवर्ण पदकबाट पुरस्कृत हुनु भएको छ। प्रस्तुत छन् उहाँबाट व्यक्त विचारहरू–

यहाँले साहित्यिक प्रेरणा कसबाट पाउनु भयो अर्थात् प्रेरणाका श्रोतहरू के के छन् ? र कहिलेदेखि साहित्यमा हात हाल्नुभयो ?

भागीरथी– २०२२ सालमा **SLC** गरेपछि मलाई कलेज पढ्ने तीव्र इच्छाले ज्यादै सतायो– पहाडमा कलेज थिएन। एक्ली छोरी त्यसमाथि नेवार समाजकी भएँ– बाहिर एक्लै पठाउने साहस आमा बाबुले गर्न सक्नु भएन। तर म ज्यादै विद्रोही र हठी भएँ पढ्नको लागि। एक वर्षपछि काठमाडौं आएर पढ्न पाएँ। एक वर्ष पढ्न नपाउनुको पीडा र छोरी हुनुको हीनताबोधले कविता र गीत लेख्न थालें। मेरो साहित्यको शुरुआत २०२३ सालदेखि भयो। मेरो साहित्यलाई अघि बढाउनुमा मलाई ठूलो प्रेरणा र प्रोत्साहन दिने मित दाजु मोदनाथ प्रश्रित हुनुहुन्छ साथै मेरो बा आमाको उदार भावनाले गर्दा पनि मलाई अघि बढ्न गाह्रो भएन।

यहाँ एक नारी कथाकार भएको नाताले म के सोध्न चाहन्छु भने– के कस्तो परिस्थिति सिर्जना गर्दा नारीहरूलाई साहित्यमा आकर्षण गर्न सकिन्छ ?

भागीरथी– मेरा कथाहरू धेरैजसो नारीप्रधान हुन्छन्। र पुरुष प्रधान पनि। नारीका व्यथा, पीडा र अन्तर्द्वन्दहरू मेरा कथाका मुख्य विषय हुन्। तर एउटी नेपाली नारी लेखिका भएकीले कति मानसिक पीडा स्वयम् भोगेकी छु– कति अरूको देखेकी छु– धेरै सुनेकी छु। त्यसैले त्यस्तो व्यथा कथा समेटेको नारी सम्बन्धी कथा लेख्दा साहित्य नलेख्ने नारीहरूले पनि रुचिकासाथ पढ्ने गरेको देखेकी छु।

यहाँले नारी साहित्यकारहरू को कस्लाई बढि मन पराउनु हुन्छ ? र सशक्त साहित्यकारको भूमिका को कसले खेलेको ठान्नुहुन्छ ?

भागीरथी– नारी साहित्यकारहरूमा मनपर्ने पुराना नारी कथाकार हुन्– प्रेमा शाह। उपन्यासमा पारिजात। कवितामा बानिरा गिरी। अहिलेका कथाकारमा अनिता तुलाधर, माया ठकुरी, सीता पाण्डे र शारदा शर्मा।

मेरो विचारमा साहित्य मनोरंजन र स्वान्तः सुखाय लेखिएको साहित्य सशक्त साहित्य हुन सक्तैन। हरेक साहित्यकारले मानवीय पीडा र सम्वेदनामा मात्र होइन– समाजका हरेक विसंगति, असमानता, रूढी कुसंस्कार, खराब परम्पराका विरुद्धमा विद्रोहात्मक स्वरमा कलम चलाउनु पर्दछ।

तपाई विशेषतः कथाकार भएकोले कथाका विभिन्न पक्ष मध्ये कुन चाहिं कथातत्वलाई विशेष जोड दिनु हुन्छ ? अथवा कुन पक्षलाई प्रोत्साहित वा निरुत्साहित गर्नुपर्ने देख्नुहुन्छ ?

भागीरथी– समाजका विभिन्न फाँटमा खराब तत्वहरू पनि छन्, असल तत्वहरू पनि छन्। हामी एउटैमा सीमित भएर लेख्नु एउटा निष्पक्ष साहित्यकारहरूको दायित्व होइन। मलाई समाजका खराब

पक्ष र मान्छेका खराब नियतलाई प्रकट गर्न मन लाग्छ । अनि त्यसप्रति मान्छेको हृदयभित्र घृणा जगाई दिन मनलाग्छ ।

नारी जागरण ल्याउनमा साहित्यले के कस्तो भूमिका खेलेको हुन्छ वा खेल्न सक्छ ?

भागीरथी– साहित्यले विभिन्न विधाबाट नारी जागरण ल्याउन अनेक भूमिका खेल्न सक्छ । नारी स्वयम्ले आफ्नो अस्मिता र गरिमा थाहा पाउनुपर्छ । आत्मबल र आत्मविश्वासका धनी बन्न अनि अबला होइन, सबला हौं भन्ने भावना राखी विभिन्न प्रकारका कविता, गीत, कथा र निबन्धहरूमा नारीहरूलाई सशक्त बनाउन आह्वान गर्न सकिन्छ, गरिन्छ र गरिएको छ ।

साहित्य सेवा गरेर यहांले के फाइदा भएको देख्नु हुन्छ ? अथवा केही पाउने आशा पनि राख्नु भएको छ कि ?

भागीरथी– मैले साहित्य कुनै व्यक्तिगत स्वार्थमा नीहित भएर केही प्राप्त गर्न लेखेकी होइन, तर मेरो धारणा के छ भने कुनैपनि मान्छे मात्र खाएर, लाएर साधारण घरको काममा सीमित भएर जीवन नबिताओस्– समाजको लागि केही सृजनात्मक काम गरोस् भन्ने चाहन्छु । जुन प्रेरणाले मेरो रूचि साहित्यमा भयो । कथा र उपन्यास विधामा बढी रूचि भयो । मेरा रचनाहरूलाई पाठकहरूले मन पराई देउन् यही मेरो इच्छा छ ।

साहित्य सिर्जना गर्ने कुनै समय छ कि ? अर्थात् तपाई एक नारी भएको नाताले कुन समय निकाल्नु हुन्छ ? श्रीमान् र अरू परिवारबाट कुनै बाधा त पुग्दैन ?

भागीरथी– हामी नेपाली नारी साहित्यकारहरू, जो विवाहित छन्– उनीहरूलाई समय निकालेर साहित्य सृजना गर्न अत्यन्त गाह्रो छ । सबभन्दा पहिले हामी गृहिणी छौं र गृहिणीको दायित्व पहिले निभाउनुपर्छ । यो हाम्रो कर्तव्य हो । बाँकी पाएको समयमा साहित्य लेख्नुपर्छ । तर छोराछोरीलाई भोकै राखेर, घरको काम लथालिङ्ग पारेर, घरमा अशान्ति मच्चाएर साहित्य कसैले नलेखोस् ।

मेरो श्रीमान् र छोरा छोरी कसैले पनि मलाई लेखनमा बाधा पुऱ्याउँदैनन् । मैले खाली समयमा काम सकेर साहित्य सृजना गर्छु ।

हालको प्रज्ञा प्रतिष्ठान र प्राज्ञबारे तपाईको धारणा के छ ?

भागीरथी– हुन त पूर्ण प्रजातान्त्रिक प्रक्रियाबाट वर्तमान प्राज्ञहरूको चयन भएको छैन र प्राज्ञहरूलाई विभिन्न विधाबाट लिइएको छैन । तर जो जो आएका छन्– सबै सृजनशील छन्– यो प्रज्ञा प्रतिष्ठानलाई विघटन गर्नु भन्दा प्राज्ञहरू थपेर सकारात्मक पाइला चाले राम्रो हुनेछ ।

हालको पत्र पत्रिकाको स्थिति कस्तो छ ? र यस सन्दर्भमा हाम्रो जस्तो साहित्यिक पत्रिकाको संरक्षण कसरी गर्न सकिन्छ ?

भागीरथी– हालको साहित्यिक पत्रपत्रिकाहरूको स्थिति सन्तोषप्रद छैन । संस्थागत रूपमा निस्कने पत्रिकाहरू राम्रै छन् । व्यक्तिगत रूपमा निस्कने पत्रिकाहरूमा एक दुई अङ्क राम्ररी निस्के पनि बिक्रीको अभाव र विज्ञापन उठाउन नसक्ता बन्द हुने अवस्थामा पुग्छन् । व्यक्तिगत रूपमा निस्कने पत्रिकाहरूलाई सरकारले संरक्षण दिनुको साथै पत्रिकालाई स्वयं सम्पादकले पनि स्तरीय, रूचिकर एवं मनोरञ्जनात्मक बनाउने तर्फ ध्यान दिनुपर्छ भन्ने मेरो विचार छ ।

(वार्ताकार– **राम प्रसाद पन्त**)

कविता

तिम्रो शव यात्रामा...

–कृष्ण भट्टराई "संगम"

अबिर र पुष्पगुच्छाले सिंगारिएको तिम्रो
शवयात्रा,
वृद्धमाता, यो बालकको हृदयमा अंकित भएर बसेको छ
त्यसैको कल्पनामा तिम्रो बालक
आतुर भएर कविता कोरिरहेछ
मृत्यू ! अहो, कस्तो दुःखद घडि रहेछ
मर्नेको भन्दा बाँच्नेको मुटु जलिरहेछ
शलोमा चढाएर तिम्रो शवमा आगो त लगाइदिएँ
तर, वृद्धमाता आगो शलोमा होइन आफ्नै मुटुमा
लगाइदिए जस्तो लाग्छ
होइन भने किन छट्पटिन्छ यो आत्मा !
अनि किन बोल्दैन निष्ठुरी, निर्दयी परमात्मा !
हे विश्व विजेता वैज्ञानिकहरू हो !
स्लाइन र डेक्स्ट्रोजले मात्रै पनि त
वृद्धतालाई बढाउन सकेन
पिल्स र क्याप्सुलहरू निल्न नसकिने भए
अनि, तिनीहरूबाट बारूदको तितो गन्ध
निस्कन थाल्यो
तिम्रो विज्ञानले मन्थन गरेर निकालेको संजिवनी
एटमबम बनेर विस्फोट भयो
अझै पनि तिमीहरू त बस् .....दूरीका
क्षेप्यास्त्रको खोजीमा छौ
अनि एटमबमको परिमार्जित रूप खोज्दैछौ
याद गर,
भावी पिढीले पनि तिमीलाई धिक्कार्ने छन्
बरू खोजन त्यो औषधी,
जसको सेवनले मृत्यू समेत डराएर भाग्छ ।

मणिग्राम

(मेरी हजूरआमाको सम्झनामा)

कविता

राष्ट्रिय गीत

–रबि पन्त

दश बजे स्कूलमा विद्यार्थी लयन
नेपालमा आन्दोलनको सुन बयन
दुइहजार छयालीस साल फाल्गुनको सातमा
विरोधमा जुलुस उठ्यो दिउँसो र रातमा
तानाशाही, निरंकुशी पञ्चायत व्यवस्था
निर्धा सोझा जनताको खराब अवस्था
बोल्ने, सुन्ने, लेख्ने, हिंड्ने अधिकार देउ
हाम्रा दुःख, मर्महरू बुझी अब लेउ
एकतन्त्री भ्रष्ट राज्य अब चाहिँदैन
अत्याचार यति सारो गर्न पाइँदैन
यस्तै कुरा बोकी हिंडे शान्तिप्रेमी जन
गाउँ शहर विरोधमा नारा घननन
गोली ठोके शासकले निष्ठुरी हत्यारा
रगतको खोलो बग्यो कठै विचरा
शिक्षकले छाडिदिए चक र डस्टर
कर्मचारी सडकमा निस्के लस्कर
विद्यार्थीले झण्डा बोके किसानले कोदालो
मजदूरले काम छोडे हिंडे उकालो
डक्टरको हडतालले शासक थर्कियो
बल्ल अब खुनी कुर्ची त्यसै हल्लियो
छब्बिस गते राती थियो चैतको त्यो महिना
नेपालमा बहुदलको भयो घोषणा
श्रद्धान्जली दिनैपर्छ सयौं शहिदलाई
प्रजातन्त्र त्याउने खातिर प्राण त्याग्नेलाई ।

जनबोध मा. वि., रानीबास, गुल्मी

कवयित्री छिन्नलतालाई धन्यवाद !

–अच्युतरमण अधिकारी

आज म ती कवयित्रीको उत्साह देख्छु– आफूलाई पो गौरव लागेर आउँछ । मानिसले शुद्ध मनले केही काम गरेपछि त्यसको प्रतिफल समाजमा गएर राम्रो-सँग फल्न पुग्दछ । कुनै असल नियतको मानिसले असल लक्ष्यलाई अघि राखेर केही काम गर्न सक्तछ भने त्यसको फल पनि सफल रूपमा आउँछ । परिस्थिति, व्यवहार र कतिपय खराब नियत भएका मानिसले यदकदा बदमासी गराउन, गर्न प्रयास गरे पनि पछि गएर त्यसले राम्रो रूप लिन्छ । बदमासहरू त समाजमा ज्यादै कम देखा पर्दछन्, बदमासहरू ज्यादै कम हुन्छन् पनि । मानिसको समाज सामान्य हुन्छ, सुस्थिर हुन्छ र शान्त हुन्छ । ऊ सधैंभर शान्ति र सुस्थिरता चाहन्छ, यसैले त समाजमा असल कामको प्रत्यक्ष प्रभाव परी नै हाल्छ । समाजमा केही स्वार्थीहरूले हल्ला गरेजस्तो कालोपन मात्र भए त आजसम्म पाशविक राज्य मात्र हुन्थ्यो नि !

प्रत्येक मानिस आफ्नै ठाउँमा उभियोस्, त्यसैलाई गौरव गरोस् यो उसको धर्म हो । प्रगति अगाडि बढ्दैन होइन बढ्छ तर धरतीलाई छाडेर प्रगति भएको छैन र हुँदैन पनि । भन्नुको अर्थ आफूले टेकेको भुइँमा खुट्टा राखेर नै मानिस अघि बढोस् त्यो गतिलो उन्नति हुन्छ । आफूले जहाँ टेक्यो त्यहीं उभिएर प्रगति गरोस्– उडन्ते चाहना र कल्पना मात्र नगरोस् । आफू कसरी ठूलो हुने भन्ने सोच्नुभन्दा आफूले के के गरेर देखाउने भन्ने सोच्नु राम्रो हो । त्यसरी काम गर्ने कुरा उठ्दा प्रत्येक मानिसले आफ्नू ठाउँ हेरोस्, आफ्नू कर्तव्य बुझोस् र त्यस अनुसार आचरण र व्यवहार गरोस् । आफ्नू धर्तीमाथि पूर्ण विश्वास राखी काम गरेको खेर जाँदैन । यहाँ एउटी विश्वासिली कवयित्रीका बारेमा, यिनले कसरी तीन–तीन पुरस्कार सञ्चालन गरिन् भन्ने बारेमा अलिकता चर्चा गर्न खोजेको हो ।

यहाँ एकपल्ट यस्तो थियो– विशुद्ध सार्वजनिक साहित्यिक संस्थामा 'साहित्यिक पत्रकार संघ' मात्र थियो । जसको प्रतिस्पर्धामा काम गर्ने अर्को संस्था थिएन । त्यसले २०३८ पछि सञ्चालन गरेका अत्यन्त गतिशील क्रियाकलापले नेपाल र वरपर पनि निकै नाउँ चलाएको थियो । मदन पुरस्कार र प्राज्ञ पुरस्कारहरू भन्दा बाहेकका सार्वजनिक साहित्यिक पुरस्कार 'मैनाली कथा पुरस्कार' पहिलो हो । त्यस बाहेक 'व्यथित पुरस्कार', 'भवानी साहित्यिक पत्रकारिता पुरस्कार' सञ्चालन गर्न शुरू गरेपछि यस लेखकले एक दाताका रूपमा कवयित्री छिन्नलतालाई अनुरोध गऱ्यो । एउटा राम्रो रकमको पुरस्कार सञ्चालन गर्न रकमको व्यवस्था गरिदिने आश्वासन कवयित्रीबाट प्राप्त पनि भयो । शायद त्यस आश्वासन अनुसार स्थापना हुन सकेको भए त्यसको संस्थापक साहित्यिक पत्रकार संघ हुन्थ्यो र दाता चाहिं

कवयित्री छिन्नलता । तर कवयित्रीका सल्लाहकारहरू भिन्न-भिन्न संस्थाद्वारा सञ्चालन गर्न दिने खालका थिएनन्, दिएनन् पनि । यति भएर पनि एउटा ज्यादै फाइदा के चाहिं भयो भने 'छिन्नलता गीत पुरस्कार' साहित्यिक पत्रकार संघले सञ्चालन गरेको भए एकै मात्र रहन सक्थ्यो तर त्यहीं गुठी सञ्चालन भएकाले आज तीन पुरस्कार भए । यो कुरा नेपाली भाषा-साहित्य र संस्कृतिका लागि अत्यन्त फाइदाकारक कुरा हो ।

तर ती दाता जसलाई दैवले एउटा ठूलो ऐश्वर्य र धनराशीकी भागीदार बनायो र पुऱ्यायो । तिनका मगजले आँटेको उत्साहपूर्ण खर्चलाई हेर्दा यिनले शाह र राणाकुलका इज्जतदार खानदानहरूलाई पनि लसक लगाइदिएकी छन् । रानी जगदम्बाको कुरा अर्कै हो, उनका बारेमा यस्ता कलममा चर्चा गर्नु व्यर्थ हुन्छ, तिनको सफल र उज्वल कीर्तिका लागि प्रयोग गर्ने प्रयोगकर्तालाई विशेष धन्यवाद दिनुपर्छ । कवयित्री छिन्नलतालाई कुराको वास्तविकता बुझाई दिएपछि यिनले विशेष सक्रियता र अग्रसरता देखाइन्, त्यसको परिणाम आज तीन-तीन पुरस्कार सञ्चालित हुन सकेका छन् । यिनको लेखनमा पनि आफ्नै किसिमको उत्साह र इमान रहेको हुन्छ । यिनी जे जानिन् त्यही गर्छिन्, जसले असल बाटो देखायो त्यो सल्लाह मान्छिन् । यिनको सबैभन्दा राम्रो गुण उत्सुकता हो र बाँच्ने रहर हो । कीर्तिका लागि बाँच्न खोज्दा-खोज्दै यिनले आजकाल त आफ्नू स्वास्थ्य पनि राम्रो बनाएकी छन् ।

केही दिन अघि 'छिन्नलता पुरस्कार गुठी'ले तीन पुरस्कार वितरण गऱ्यो । राम्रै रकमराशी भएका ती पुरस्कार पाउने व्यक्ति पनि ऐतिहासिक, त्यागी र नामी व्यक्ति थिए । बैयक्तिक स्रोतबाट यसरी पुरस्कार र सम्मानहरूको व्यवस्था गरिनु भनेको साह्रै ठूलो काम हो र एउटा सभ्य परम्परा पनि हो । नेपालमा यस परम्पराको राम्रो विकास भइ-रहेको छ । आजभोलि छिन्नलता जस्ता दाताहरू धर्ममा भन्दा बढी संस्कृतिमा उत्सर्ग गर्न तत्पर देखिन थालेका छन् । भाषा-साहित्य र संस्कृतिको विकास खास सभ्यताको विकास हो । पहिले पहिले मठ-मन्दिर बनाउने मगजहरू अब पुरस्कार र गुठीहरूको सञ्चा-लनतिर लागेका छन्- यो ज्यादै खुशीको अवसर हो । हालसालैदेखि 'मुस्कान' परिवारले पनि हास्य-व्यंग्य सम्बन्धी अर्को पुरस्कारको स्थापना गर्दैछ । यस वर्षको 'गाई जात्रा' ने.रा.प्र.प्र. ले सञ्चालन गर्न सकेन, त्यसको सञ्चालन मुस्कान परिवारले गऱ्यो । त्यसबाट आएको रकम आधा कलाकारलाई पारि-श्रमिकस्वरूप छाडेर आधाको एक पुरस्कार रहँदै छ ।

यसरी यस्ता वातावरणहरू आज बनिसकेको देखता ज्यादै खुशी लाग्छ । जुनवेला हामी मरेर काम गर्थ्यौं साहित्यिक पत्रकार संघले यस्ता वातावरणका लागि खूबै प्रयास गर्थ्यो त्यसवेला थोरैतिना भए पनि सह-मति दिने र त्यस सम्पन्न परिवारको सानो भएपनि रकमराशीलाई साहित्यसेवामा ल्याइदिने यी बूढी दिदी छिन्नलतालाई यसैकारण धन्यवाद भनेको हो । जानेको लेख्ने, सकेको गर्ने र डाकेका ठाउँमा ठूली नभइकन उपस्थित हुने यी दिदी नेपाली भाषा-साहित्य र संस्कृतिका लागि एक इमान्दार सेवीका हुन् । यस्ता सत्कार्यमा धेरै दिदी-बहिनीहरू लागून् भन्छु ।

अस्तु ।

सोचाईमा मनको कुण्ठा पग्लेर पागलपनको हदसम्म नाङ्गिएर निर्लज्ज अट्टहास लाउँदै हाँस्न सक्छु। निरीहपन र एक्लोपनको विवशताको अभिव्यक्ति कसै सामू गर्न नसकिने हुनाले हिक्का छाडी–छाडी अविरल नयनहरूबाट अश्रु बहाउँन सक्छु। तर यहाँ त मेरा विचारहरू, भावनाहरू पनि स्वतन्त्र छैनन्। क्लिष्ट लेखनशैली झैं मनको अन्तर्द्वन्द्व ज्वालामुखी बन्नमात्रै बाँकी हुन्छ। असन्तुष्टि, मानसिक कुण्ठा र वेदनाले अलंकृत जीवनमा शीतलताको फुहारको कल्पना गर्नु कागजी घोडा चढेर विश्व विजयी बन्न चाहने कपोल कल्पनाको दिवास्वप्न मात्र हुन्छ।

मन र मस्तिष्क अस्थिर भएको वेला शरीर स्थिर रहन्छ भन्नु पनि सायद नमिल्दो नै हुन्छ होला। निरूद्देश्य भौतारिंदै म सुरेशको दोकानमा पुगें। औपचारिक भन्दा बढी आत्मीयता भरिएको स्निग्ध मुस्कानले उसले मलाई स्वागत गऱ्यो। किञ्चित प्रफुल्ल हुने प्रयत्न गर्दै मैले हाँस्ने प्रयत्न गरें। तर मेरो अधरमा कोरिएको मुस्कान बजारमा नक्कली सामानलाई सजाएर सक्कली बनाउन प्रयत्न गरेको भन्दा कम नक्कली कहाँ थियो र? अनायासै शिथिलताको बोधले नुहिंदै उसको अनुरोधमा बस्छु। ऊ बात मार्दैछ, त्यसको सिलसिला अटुट राख्न म पनि चाहन्छु। तर खिन्न मनभित्र केही टुटेको, हराएको भानले सताई रहन्छ। तर मन कहाँ–कहाँ, कता–कता उडिरहेको हुन्छ मनभित्र नै एउटा आकांक्षा पलाउँछ। यी मनभित्रका कथा, व्यथाको पोको खोलेर कुनै आत्मीय सामु राखिदिएँ। तर आँखा र मन थाके पनि उद्देश्य प्राप्ति हुनेछैन। समयको प्रवाहसगै कुराको शृङ्खला अघि बढी नै रहन्छ। उसको कुराहरूले मनभित्र सुन्ने जिज्ञासा उठ्छ।– "के गर्नु र यार, जे जस्तो जुनसुकै रूपमा आए पनि यो जिन्दगीलाई स्वीकार्न र्‍हाँ लाग्दोरहेछ। अगाडि पछाडि कोही नभए म बितत यो जिन्दगीको गगनमा चरी झैं कति स्वतन्त्र भई उड्थे होला। तर कसैको लागि केही गर्न नसके पनि यो लोभ र मोहले गर्दा पेट धान्न सघाउने यो गुम्तिको कफन ओढेर बसेको छु। न आफ्नो लागि केही गर्न सकिरहेको छु, न समाज र देशको लागि नै केही गर्न सकिरहेको छु। खालि कुण्ठित मन र मस्तिष्क लिएर बाँचिरहेको छु।"

आश्चर्य र अविश्वासको दोभान बीच रूमलिंदै म घर आइपुगें। साथीप्रति मन अझै सम्वेदनशील भएर आयो। हृदय कठोर भएर हो कि किन हो आंसु भने खस्न सकेन। रात्रीको खाना खान सबै बसे। मलाई खिन्न मन भएर पनि उन्मुक्त व्यंग्यात्मक हाँसो हाँसु झैं लाग्यो। खान बसेका परिवारका सबै सदस्यहरू भाडाका रंगमञ्चीय कलाकारहरू झैं लाग्यो। जसको कर्तव्य केवल अभिनय गर्नु हो, यथार्थ र भावनासँग त्यसको न त दैहिक सम्बन्ध हुनसक्छ, नत आत्मीय नै। त्यस्तै, उनीहरू पनि खाना नखाएर एक अर्कासँग आँखै नमिलाई सहज बनेर एउटा नाटक गरिरहे झैं लाग्यो।

जिन्दगी नै अँध्याराको साम्राज्यमा सतहदेखि रसातलसम्म डुबेको छ भने यो आँखालाई क्षणिक ज्योत्सनाको तुच्छ आवश्यकता किन र? अचानक पानी पिउने इच्छा लागेकोले भान्सा घरतर्फ जान लाग्दा आमा र बा कुरा गरिरहनु भएको सुने।– "अब त बिनोद पनि तन्नेरी भइसक्यो, बिहे गरी

दिनुपर्छ त्यसको पनि । आत्मनिर्भर भई हालेको छ । फेरि उमेरमै चाँजो पाँजो नमिलाइदिए बैंश ढल्केपछि बिहेको के महत्व रहन्छ र ?"

"भो, नकरा । तँले बढ्ता जान्ने हुनुपर्ने कुनै आवश्यकता छैन । पोथी भएर बास्न खोज्छे । बिहेको लागि तन्ज मन्ज खर्च गर्न पुग्ने पैसा ल्याएर मेरो बिहे गरिदेऊ भन्छ भने हामीलाई कर लाग्छ । नत्र भने म त सक्दिन ।"– अरू पनि कुरा भए होलान् । तर मेरो सहनशक्तिले त्यहाँभन्दा बढी सहन सकेन । खालि–खालि संज्ञाहीन मस्तिष्क लिएर म भित्ताको सहारा लिएर उभिरहें । आफ्नो अगाडि एउटा कटु यथार्थ नाङ्गिदा पनि स्थिर रहन सक्ने म कति कठोर हृदयको । साँच्चै भन्ने हो भने म र पाषाण मूर्तिमा भिन्नता नै के रह्यो र ? अनि जीवनदेखि नै वितृष्णा भएर आएको म एउटा मान्छे । एकलोपन र शून्यताको कहाली लाग्दो पल प्रतिपलबाट तसिएर अपनत्व र आफ्नोपनको हल्ला खल्लामा डुब्न आएको म । तर यहाँ आएर पनि आफ्नै परिवारको सदस्यहरूको माँझमा बेगुनबेलीको झाडी झैं एक्लै, विवश नाङ्गिन त के आवश्यकता थियो र ? एकलोपनको अति तिक्तता कुण्ठित मस्तिष्कलाई सम्हाल्न नसकेर तब के म घर अगाडिको बेगुनबेलीको झाडीलाई नै बलात्कार गरिदिउँ त ? तर मानसिक र आत्मीक सन्तुष्टिको पर्जन्य कहाँबाट ल्याउँ र त्यसको वृष्टि तन, मन, मस्तिष्कमा गराउँ ? कपोल कल्पनाको स्वप्निल ससारमा विचरण गर्न पनि त एकाग्रताको अति आवश्यकता हुन्छ, जुन एकाग्रता ल्याउनु पनि मेरो लागि नीलगगनको चन्द्रमा तोडेर ल्याउनु बराबर थियो ।

अभाव र महंगीको महामारीले रन, वन डाकेको यो बिसौं शताब्दी, मान्छेहरूको माँझमा तृषित हृदय, व्यथित भावनाहरू मुटुको स्पन्दनको, कसैबाट सान्त्वनाको दुई बोल श्रवण गर्न तृष्णा के अनुचित होला र?

साथीत्वको भावनाले अनुप्रेरित मायाको आयामको नौलो परिच्छेदहरू उद्देश्यको (रक्सी पिएर तरूणी जिस्क्याउनमा नै आफूलाई महामानव ठान्ने र स्वार्थ पूर्तिका लागि गधालाई बाबु हैन, बाबुलाई गधा भन्ने त्यस्तो नाथेको उद्देश्य कुन गतिलो होला ?) कारणले साथीत्वको मीठो भावनालाई अतिक्रमण गरेर साथीत्वको भावनालाई नै बलात्कार गरिदिन्छ भने एउटा भावुक हृदयमा चोट लाग्नु पनि त स्वभाविकै हो । नोकरीको नाममा चमचागिरी गर्ने त्यस्ता चमचा, दोगला र स्वार्थीहरूबाट अरू आशा नै के गर्न सकिन्छ र ? बरू त्यो भन्दा समाजका यिनै महामानवहरूले जन्माएका वेश्याहरू उत्कृष्ट हुन्छन् । जसले पिठ्यूँ पछाडिबाट त लुट्दैनन्, विश्वासघात त गर्दैनन् । मित्रताको परिप्रेक्ष्यमा मनको वाक्यले अभिव्यक्ति दिने हो भने अजय ऊ मेरो असल मित्र हो । वास्तविकतामा मित्रताको अर्थ उसले पनि बुझेको रहेछ जस्तो मलाई लाग्यो ।– "विनोद, कुनै साथीसँग केही कुरामा मनमुटाव भयो भने वा कुनै साथीले आफ्नो उपेक्षा गऱ्यो भने मलाई त रातभरि निन्द्रा नै लाग्दैन । सहरको कोलाहलमा पनि म त आफ्नै एक्लोपन र अन्तर्द्वन्दमा पाएको हुन्छु ।"– उसको कुराले मनमा कता कता चसक्क छोयो । अनि मुटुको स्पन्दनलाई चेतन अचेतन मनले महसूस गर्दा ऊप्रति माया र आफ्नोत्वको लहर अरू फैलिएछ । एक मनले त भनिदिन मन लाग्छ ।– "साथी, म तिमीलाई

असाध्य माया गर्छ ।–" तर लाग्छ, कहिले कहीं अभिव्यक्तिको लागि वाणिको आवश्यकता पर्दैन । मुक अभिव्यक्ति नै पनि इच्छित कुरा प्रस्टयाउन पर्याप्त हुन्छ ।

मुट्ठीमा बसको टिकट च्यापेको छु । घरिघरि बसेको सिटबाट सरेर झ्यालबाट टाउको निकालेर हेर्छु, रात चकमन्न छ । बस आफ्नो गन्तव्य स्थानतिर लम्किनै रहेछ । मेरा अन्तर्द्वन्दहरू पनि हावाको प्रवाहसँगै सिलसिलाबद्ध भएर अगाडि बढी नै रहन्छन् ।

एउटा जागिरेको जिन्दगी विद्यार्थीको पढ्ने रूटिन न हो ? विहान उठ्, नाश्ता चिया खा, कार्यालय जा, भात खान आइज यस्तै–यस्तै हुन्छ । ऊ नयाँ मित्र ईश्वर, खै के सोचेर उसको त्यो नाम राखिएको हो ! मलाई थाहा छैन, हुन त उसको नामसँग चासो लिई रहनुपर्ने पनि मलाई कुनै आवश्यकता छैन । प्रत्येक पाइलामा मेरो सहयात्री बन खोज्ने मीठो आत्मीयता-पूर्ण व्यवहारले असन्तुष्ट र चिडचिडेपनको स्वभावमा एउटा स्थिरता आउँछ । एउटा उद्वेलित मनमस्तिष्कले क्षणिक सन्तोषको श्वांस फेर्छ । तर वरपर मित्रताको आयामको कालो मसी, परिच्छेद नै फोहोर पानेंहरूले मस्तिष्कलाई नै कुण्ठित पार्ने खालको व्यवहार गर्दा मनमस्तिष्क फेरि कुण्ठित र अशान्त हुँदै विवश एकलोपनको अनुभूति पल-प्रतिपल बढ्दै नै जान्छ ।

दैनिक कार्यकलापसँगै जोडिएको माथिल्लो अ-नैतिकता देख्दा हुनेभए ती देखेको अनैतिकता सबै बमन गरिदिन्थे । तर विवश त्यस्तै, जस्तै भोकले छट्पटाएर क्रन्दन गरिरहेको एउटा निरीह व्यक्तिलाई हामी निम्नस्तरका मान्छेले चाहेर पनि भोकको तृप्ति दिन सक्दैनौं । प्रत्येक मान्छे मायाको भोको हुन्छ । चाहे त्यो अध्यात्मिक होस वा दार्शनिक वा नास्तिक नै किन नहोस । त्यसको मुटुको कुनामा आफूलाई सबैले र सबैमा एउटाले विशेष माया गरोस भन्ने भावना हरेक क्षण स्पन्दित भइरहेको हुन्छ । आँखाबाट मायाको भाषा नै सुकेपछि त्यो भाषा फेरि पलाउँन सायद अर्को जुनी लिनुपर्दो हो । यी दुई आँखाको भाषा पनि धेरै पहिले नै सुकिसकेको हो । तर प्रत्येक मान्छे आसमा बाँचेको हुन्छ, बाँच्ने सहारा नै त आशा हो । त्यसैले आसै आसमा जिन्दगीका मूल्यवान अमूल्य समयहरू त्यसै अवमूल्ययन भएर वितिरहेका हुन्छन् ।

नेपालको गर्वको नाक सगरमाथाबाट घाम पश्चिम तर्फ डाँडा पारि पुगिसकेको छ । रातो नाम्लो जत्रो त्यो सूर्य गोलामा म आफ्नो जिन्दगी खोज्छु । तर त्यो मूर्खतामा आफै फिस्स हाँसिदिन्छु । जिन्दगी हो रहेछ यो, जुनसुकै रूपमा आएपनि स्वीकार्नैपर्ने बाध्यता । आफ्नै अस्तित्वको बोध नभए पनि, बाँच्नु-को उद्देश्य नभए पनि मान्छे: एउटा बाँच्नुपर्ने बाध्यता – अनि, त्यही बाध्यताको परिधिमा मेरो विवश एकलोपनको जिन्दगी । साँझ ढल्दैछ– यस्तै नै रहेछ यहाँको रीत– क्षण प्रतिक्षण घट्दै जान्छ जिन्दगी । विवश महत्ताहीन एकलो जिन्दगी– अन्तरद्वन्दमा फँसेर अन्तरद्वन्द– अन्तरद्वन्दकै जालोमा बाँचिरहन्छ ।

तरहरा, (सुनसरी)

कविता

"भ्यागुताको अभिव्यक्ति"

-प्रकाश खतिवडा

एउटा कुवा छ
शदियौं अघि
बाजे, बराजु, जिजु, बराजुले बनाएको
वरिपरि लेउ छ
र म भ्यागुतो
कुवाभित्र बाँचेको छु ।
ट्वार-ट्वार कराएको छु कुवा भित्रै
कठै,
मेरो भाषा कस्ले बुझिदिने ?
मेरो आवाज कस्ले सुनिदिने ।
सुनेरै बुझेरै पनि के हुन्छ ?
म त भ्यागुतो न हूँ
प्रत्येक क्षण
सर्पहरूबाट बच्नुपर्छ
हिजो पनि
एउटा सर्प फँडा उठाउँदै थियो
र म त्रस्त भएर
मेरो जिन्दगी बचाउँदै थिएँ ।
रात पर्छ, झ्याउँकिरी कराउँछन्
र मात्रै मेरो इतिहास शुरू हुन्छ
जूनकिरी छन्
र मात्रै उनीहरूले
मेरो भाषा बुझेका छन्,
मेरो गीत सुनेका छन् ।
यो पुरानो कुवा-
मेरा पुर्खाहरू खेले, बढे र विलाए
उनीहरूलाई रमाइलै थियो
उनीहरूलाई कुवा नै पर्याप्त थियो
भ्यागुतो हुनुको अवस्था बुझेनन्
बुझेरै पनि अर्को कुवामा फाल हाल्न सकेनन् ।
लेदोले पुरिसक्यो कुवा-
म भ्यागुतो
कसरी बाँच्ने हो जूनकिरी ?
हिजो अचानक
मेरो टाउकोमा, अझ भनौं खप्परमा
ठूलो चोट लागेको छ
कहाँबाट कुन्नि
एउटा ढुङ्गो प्रहार भएको थियो ।
कुवा छ
लेउ छ
लेदो छ
म छु र
कुवा भित्रको संसार छ ।
भ्यागुतो हुनुको अर्थ
म 'उभयचर' वर्गमा परेको छु
र अचम्म लाग्दछ कि,
मान्छेहरूको संसार
भ्यागुतो हुनुको नाताले... ... ।

बोया ८ (६), भोजपुर

कथा

अन्त्य नभएको शृङ्खला

—अनन्त शर्मा

...जे जस्तो भएपनि म आज भाग्यले ठगिइरहेको छु, लखेटिइरहेको छु... ती निर्दोष र ठूला ठूला आँखाहरूको बुलन्द आवाजले समेत पनि मलाई रोक्न सकेन । भर्खर भर्खर युवावस्थाले म मा प्रवेश गर्दा, सोच्ने गर्दथेः म सँग मेरो जिन्दगीमा सुस्ताउन, अल्झाउन र बामे सर्न शायद कुन्नि कहाँकी उनले म सँग एउटा अनौठो जिन्दगी बिताउने छिन्, जो मेरो कण्ठको हार हुनेछिन् तर समय समय नै थियो, हो त्यस्ता दिनहरू पनि आए, भाग्यले मसँग कुठाराघात गर्न कहिल्यै छाडेन, म जे सोच्ने गर्दथें– आखिरमा व्यवहारमा त्यसो भएन । जीवन एउटा अनौठो रहरको हुँदोरहेछ । तरङ्गिएका रहरहरू आफ्ना हुँदा रहेनछन् भने सत्य रहरहरू पनि त आफ्ना हुँदा रहेनछन् ।

एकदिन यस्तो थियो– भर्खर भर्खर म एक्काइस बाइसमा थिएँ । जन्मस्थलदेखि लिएर सारा सहरहरू नै प्यारो लाग्दथे । समयानुकूल बहकिएका वास्तविकताहरूलाई बडो विश्वसनीयताकासाथ सोच्ने गर्दथे– देश र विदेशका रंगमञ्चहरूलाई वैज्ञानिक दृष्टिकोणले बडो रुचिका साथ मनन गर्दथें, आफू स्वयं नै एक्लै थिएँ, तैपनि आफूलाई सम्पूर्णतामा अल्झिरहेको छु जस्तो लाग्दथ्यो, विहानको प्रथम प्रहरदेखि रात्रीको पनि झण्डै दोश्रो प्रहरसम्म साथी संगातिहरूले छोड्दैनथे, उनीहरूसँगै एकत्रीत भएर कहिले रमाइलो क्षण र दृश्यहरूमा आफूलाई होमीदिन्थें । कहिले रमाइलोसँग नाचिरहेको चलचित्रको भवनमा ठूलो पर्दामा सलबलिएको चित्रमै आफूलाई छोडिदिन्थें । निष्कलङ्क निसंकोच अनि अव्यवहारिक म साथीभाईहरूसँगै लागेर अभिनयका ती टुक्राहरूलाई विभिन्न दृष्टिकोणले आलोचना गर्दथें । आलोचना गर्ने क्रम त्यहाँ पुगेर टुङ्गिन्थ्यो– जब हाम्रा तर्कहरूलाई नै तेश्रो व्यक्तिद्वारा आलोचना हुन थाल्दथ्यो । आफूसँग घटित क्षण र कार्यहरूलाई स्वयं नै ठिक र बेठिक छुट्याउँथ्यौं । भविष्यका काठमाडौंका गल्लीहरू र भिडिओको हामीले कल्पना गर्न्यौं । टेलिभिजनको तथ्यता मात्र मनमा लियौं । यस्तै यस्तै क्रमहरूको अध्ययनमा आफ्नै तालले डुबुल्की मार्दै प्लस र माइनसको पक्षले दौडाई नै रह्यो, तैपनि समयमै डिग्री हासिल गर्न सफल भइयो । अध्ययन

भन्दा पनि रोमाण्टिकको दुनियाँले घच्घच्याई नै रहेको थियो । तैंपनि मलाई वास्तविकताको रहर थिएन, पैसा कमाएर एउटा राम्रो सेटलमेन्ट गरौं भन्ने इच्छा कहिल्यै मनमा उठेन । यस्तै प्रकारले हेर्दा हेर्दै, सोच्दा सोच्दै, समय न हो– आखिर त्यो समय त्यसै नै बित्यो । अनि पो म झसङ्ग भएँ, जब म अर्को दिनको खुट्किलोमा टेक्दै थिएँ... ।

ती दिनहरूमा– नभन्दै एउटा सिङ्गो मुटुमा अर्को कमलो मुटु जोडियो । म रमाएँ... भाग्यले मलाई मात्र नै छानेर स्वीकारेको जस्तो लाग्यो । सम्पूर्णतामा उनी भिजेकी थिइन् । विवाहपश्चात् हामी दुई जनाले झण्डै वर्ष दिन जति दायाँ बायाँ गऱ्यौं । हातमा हात मिलाएर म सप्रसङ्ग व्याख्या गरिदिन्थें– मेरा कुराहरू सुनेर उनी स्वयं आफूलाई नै बिसिदिन्थिन् । मेरो शायद धेरै अंशहरू उनीसँगै हुन्थे, मेरो एकक्षणको अनुपस्थितिमा समेत उनी विचलित हुन्थिन् । मेरो आधुनिक सभ्यता र सोसाइटी राम्रै थियो । अर्थात् मैले स्ट्याण्डर मेन्टन गर्न सकेको थिएँ । इष्टमित्रहरू भपिए– नाताकुटुम्बहरूले मलाई चिने, मैले राम्रै सँग उनीहरूलाई मनन गर्ने मौका पाएँ । एउटा सुशील छोरो जन्म्यो, ममा हर्षको सीमा रहेन, झण्डै तीन वर्ष-पछि छोरी जन्मी । जे सोचेको थिएँ, त्यही भयो... छोरो जस्तो हुनुपर्दथ्यो त्यस्तै भयो, अर्थात् छोरोमा हुनुपर्ने गुण उसमा थियो– मैले पनि छोरोसँग गर्नुपर्ने कर्तव्य टुङ्ग्याएँ, छोराले पनि आदर्शबाबुको इच्छा आदर्श किसिमबाट पूरा गऱ्यो । कोशिस गर्दा नगर्दै पनि दुई चार लाख रुपैयाँ बैङ्क ब्यालेन्स पनि भयो । वास्तविकताले मलाई साँच्चिकै अगाल्यो । छोरो अनील एस.एल.सी.मा राम्रो डिभिजन निकालेर अमेरिकामा सिभील इन्जिनीयर अध्ययन गर्न गयो, छोरी उता फ्रान्समा गएर डक्टरेट गर्ने रहर गरी... । यसै बीच केही समयको फरकमा बुबा, मुमा दुवैले मलाई एक्लै छाडेर जानुभयो । दुई चार दिन त निकै नै टोल्हाएँ..., अल्मिलिएँ... रोएँ पनि । तर वास्तविकता, वास्तविकता नै थियो । मेरो केही लागेन, म पुनः वास्तविकतातिर ढलिकएँ । यस्तै यस्तै परिप्रेक्ष्यहरूमा जीवन बिति नै रह्यो– प्रत्येक क्षणहरूले मलाई डोऱ्याई नै रह्यो... ।

यी दिनहरूमा– पुनः एउटा बालकपनको रहर उब्जेदैछ । किन हो किन केटाकेटीको विचार मनमा उर्लेदैछ । भाग्यको चक्रव्यूहमा फसेर आफ्नो ढुकढुकीको चाल नाप्न अर्को एउटा विवेकशील ढुकढुकीले साथ दिएको थियो । सुख अनि दुःखमा एकैसाथ विचार, विमर्श, हर्ष, उन्माद, खुसी र रोदन अंगालेका थियौं । मैले अंग्रेजीमा एम.ए. गर्दा उनी यति रमाएकी थिइन् कि, मलाई अझ राम्रै याद छ, त्यो रात तिनी खुशीले निदाउन समेत सकेकी थिइनन् । यस्तै छोरो अनील र छोरी अजन्ताले इन्जिनियर र डाक्टर पास गरेर घर फर्कदा हामी दुई बूढाबूढी खुशीले यति हर्ष विभोर भएका थियौं कि; खुशीको आवेशमा मैले उनीलाई जुरुक्क उचालेर फननन घुमाएको थिएँ, उनी लाज मान्दै थिइन्, छोराछोरी मुसुक्क हाँसिरहेका थिए... । अब त्यो दिन आउँदैन, जुन दिन म एक्लो थिएँ । फगत एक्लो... । प्रकृतिसँग खेलेर नै तन्मयतासाथ दिन बिताइदिन्थें, साथीहरूसँग एकत्रित भई जुटेर घण्टौं घण्टा वार्तालापमा बिताइदिन्थें, स्वास्नीको क्रियाकलापलाई हेरेर मुसुक्क हाँस्दै व्यंग्यात्मक तर मीठा आलोचनाहरू गरिरहन्थें,

छोरोसँग– साथीभाइहरूसँग गर्ने किसिमको फ्याङ्क तर अनुशासित गफ गरेर न्यूरोड घुमीरहन्थें, जब छोरो भोकाएर पुलुक्क मेरो अनुहारमा हेर्थ्यो अनि दुई बाबु छोरा रेष्टुरांमा गएर खानेकुरा खान्थ्यौं... छोरीलाई मेकअप र फेशनको तथ्यता र वास्तविकताको व्याख्या गर्दा गर्दै रात्रीको एघार बजिसक्थ्यो, ऊ हाई हाई गर्दै मेरो कुराको बीच बीचमा अ...अ डचाडी गर्न थाल्थी, अनि म छोरीलाई सुत्न लगाएर आफ्नो कोठातिर लाग्थें... । तर अब आज... मसँग त्यस्ता दिनहरू छैनन्, न त आमाको काखमा टाउको राखेर लाडिएर 'भोक लाग्यो' भन्ने दिन छ, न त स्वास्नीको आँखा छोपीदिएर... अल्मलाउने क्षण छ । किनकि स्वास्नी, जो मेरो दिलमा वास्तविकता बनेर आएकी थिई, बदलामा कल्पना बनेर गई पनि सकी ...। हिजोआज छोरो प्रतिष्ठित इन्जिनीयर छ... मलाई आदर गर्छ, हेरचाह गर्छ, सन्मान गर्छ । छोरी बेफुर्सदी भएपनि फुर्सद निकालेर आउँछे... नाती-नातिनीहरू मेरो मीठो गफ सुन्न लालायित हुन्छन् ।

तर म रित्तो छु... सबैथोक भएर पनि मसँग केही छैन... सबै कुरा देखिरहेँछु...सोचिरहेँछु .. । तर त्यो सोचाइको कस्तो शृङ्खला हो– जसको कुनै अन्त्य नै छैन ।

ल. पु., बसिखेल

★

कसैको शीरमा कालो टोपी छ कि छैन भन्ने कुराले कुनै अर्थ राख्दैन । यथार्थमा संस्कृति भनेको मानवको व्यवहार हो ।

-बी. पी. कोइराला

***

कविता

आजको काठमाडौं

–वसन्त प्रकाश उपाध्याय

अभाव, दुःख पीरमर्कालाई समेटेर
जन्मन्छ– काठमाडौं
घृणा, तिरस्कार, लुट, बलात्कारलाई अँगालेर
हुर्कन्छ– काठमाडौं
चोरी, कालाबजारी, तस्करीको दौडमा
दौडन्छ– काठमाडौं
अनि डिस्को, ब्रेक डान्स र रक एन रोलमा
रम्दछ– काठमाडौं
तर, अफसोच !
छिटो भन्दा छिटो
जण्डीस, टाईफाइड र मेनेन्जाइटिसले
मर्ने गर्दछ– काठमाडौं ।

आवश्यकता– एक मस्तिष्कको

–वीरेन्द्र कुँवर

चारैतिर देख्न चाहने
चारैतिर पुग्न चाहने
मलाई नै कमजोर पार्ने !
मेरो विचारको प्रतिद्वन्दी
मेरो प्रगतिको प्रतिद्वन्दी
एक अपूर्ण मस्तिष्क
एक कमजोर मस्तिष्क
एक आशावादी मस्तिष्क !

मलाई त आवश्यकता थियो–
पूर्ण मस्तिष्क
सशक्त मस्तिष्क
जसको एकहोरो दृष्टि होस
जो मेरो अधीनमा रहोस
जो मेरो विचारसँग सहमत होस ।

कविता

किन पालिन्छन् कुकूरहरू...?

–रुद्र ज्वाली

बन्दुकधारीसँग डराएकै छन् कुकूरहरू
भान्सेसँग लोभिएकै छन् कुकूरहरू
मालिकको आदेश र हुँकारमा
आकाशका शत्रु झम्टन सक्दैनन् कुकूरहरू
न त कारमा गुड्ने दुष्टहरूको
मासु चोक्टयाएर प्रतिशोध लिन सक्छन्
सिक्रीमा कैद, विवश कुकूरहरू
त्यसो भए घरका मूलद्वार नजिकै भित्तामा
'कुकूरदेखि सावधान' भन्ने भँगेरे अक्षरमा
कसलाई तर्साउन टाँसिन्छन् सूचनाहरू !
कसलाई टोकाउन पालिन्छन् कुकूरहरू !
पसिना पिएर बाँच्न विवश
भारवाहक नीर्धा मान्छेलाई तर्साउन त पालिन्नन् कुकूरहरू?
नाङ्गा पाइला सडक नाप्न विवश
ज्यूँदा मानव अस्थिपंजर टेकाउन त पालिन्नन् कुकूरहरू?
या फगत, बडप्पन र सभ्यताको प्रमाण–पत्र स्वरूप
विज्ञापनार्थ पालिन्छन् कुकूरहरू !
कुकूर झैं स्वामीभक्त र आज्ञाकारी भैं दिएको भए
मान्छेदेखि तर्सेका ठूला मान्छेले
घर–घरमा ब्वाँसा र बाघपाल्ने होडमा
'बाघदेखि सावधान'को सूचना टाँसेर भित्तामा
यथार्थतालाई छल्ने अभिनय गर्ने थिए होला
आफ्नै प्रतिबिम्बदेखि लुक्दै हिंड्न बाध्य
सम्भ्रान्त कुकूर मालिकहरू !

गुल्मी, थोर्गा

कथा

विस्फोट

—राजेश्वर रेग्मी

समयको स्वच्छन्द र निश्छल परिवर्तनबाट मान्छेमा गुज्रेका अनेकौं मोडहरूको बोध तब मात्र हुन्छ, जब उसले आफ्नो बाहुबलले ती अथाह समयहरूसँग युद्ध गरेको छ, समयसँग बाँच्ने निधो गरेको छ अनि परिवर्तनका सेकेण्ड सेकेण्डसँग आफूलाई दौडाउने अभिलाषा राखेको छ । तर यस्तो एउटा मोड अनि मान्छेमा आएको परिवर्तनले त्यस्ता निस्कर्षहरूलाई सागरको तप्त बालुवाले सोसे झैं सजिलै सोसि दिन सक्ने रहेछ ।

उसको चिया पसलमा चिया लेनदेनको क्रममा मेरा हातहरू अनियन्त्रित भएपछि आँखाबाट आ–आफ्नो परिचयको आदान प्रदान भएको थियो । उसले त्यतिखेर आफू भित्रका आन्दोलित संकोचहरू पोखे पनि क्षमायाचनामा विवश आँखाहरूले उसलाई हेरेको थिएँ । त्यो वेला ऊ असाध्यै लजाएकी थिई । मैले आफू भित्रको भावनाको सागरमा कसैले डुङ्गा फ्याँकि दिएको अनुभव गरेको थिएँ । हेराहेरको छोटो औपचारिकता पूरा भएपछि म चिया पिएर आफ्नो बाटो लागेको थिएँ ।

हो साँच्चै, जीवन गतिशील हुँदोरहेछ ! जीवन व्यथितका यावत क्रम उपक्रमहरू बाँच्दै आएको अपरिवर्तनीय क्रमबद्धताको उपहास गरेको थिएँ मैले त्यो वेला ! चुरोटका धुवाँहरू निल्दै, फाल्दै उब्जेका उस प्रतिका सृजनशील काल्पनिकतामा रुमल्लिएर एक्लै हाँसेको थिएँ म ! कल्पना यथार्थमा प्रत्यायोजित हुने भए ..!

त्यस दिनदेखि म उसकै चिया पसलमा चिया पिउन गएको हुन्थें । उसका अतृप्त आँखाहरू हेरेर म चियाको घुट्को यसरी पिउँदै जान्थें कि म जीवन पिइरहेको छु । अनि उसका आँखाहरू हेरेर म जीवनमा बाँच्दैछु । यो जीवन बाँच्ने क्रम पनि कति सुखमय हुँदोरहेछ । पीडा भोगेर जर्जर भएका मुटुका फाँटहरू रक्सीले मात्र हैन कल्पनाका अनुभूतिले पनि भिजाउन सक्ने रहेछ । मैले निधो गरें कि म रक्सी चुरोटसँगै हैन, अब उसँग मितेरी लगाउँछु र उसँगै जीवन बाँच्छु ।

मैले क्रमशः क्रमशः उसलाई प्रभावित गर्न खोजे पनि उसका स्वभाविक नारी संकोचहरू यथावत थिए । म प्रतिका उसका धारणाहरू आँखामा हेरेर चित्त बुझाउनुको पराकाष्ठा नाघिसकेको थियो । त्यसैले

एकदिन उसलाई मौका पारेर भनेको थिएँ– म तिम्रा अतृप्त आँखा हेरेर, सुकोमल हातहरू सुम्सुम्याएर जिन्दगी बिताउन चाहन्छु । म तिमीसँग मात्र जीवन बाँच्न सक्छु । उसले त्यतिबेर लाजले आँखा निहुराए पनि मैले सोचें– उसले पनि म प्रति केही सोचेकी छे, मेरो हातको स्पर्शले उसको निन्द्रा बिथोलेको छ अनि आफ्नो जीवनसहारा खोज्ने क्रममा ऊ पनि तल्लीन छे।

त्यसपछि मैले उसलाई दिनहुँ भेट्न थालेको थिएँ। केही दिनसम्म कहिले आकाशमा मडारिँदै झुम्मिँदै लाग्ने बादलका टुक्राहरू जस्तै उसका लाज र संकोचका हुस्सुले हाम्रो जीवन डोन्याउने स्पष्ट गोरेटोको निर्माण भई नसकेता पनि क्रमशः मेरा विचार प्रवाहहरू सुन्दा सुन्दा ऊ पनि म जस्तै बढी बोल्ने भइसकेकी थिई । चिया पसलको निम्नस्तरीय जीवनमा बाँचेकी, उसलाई मेरो घरमा स्वीकार गर्ने नगर्नेबारे थुप्रैपल्ट मसँग प्रश्न उठाएकी थिई । हाम्रो भेटघाटको क्रममा आउने अवश्यम्भावी रोकावटको स्मरण गराउँदै ऊ भन्ने गर्थी– अब हामीले एक आपसमा भेटघाट गर्न छोड्नुपर्छ । मैले उसका प्रस्तावहरू नकार्दै आफू ऊ बिना बाँच्न नसक्ने भइसकेको कुरा सुनाएर विश्वास दिलाएको थिएँ । ऊ मात्रै भरिएको मेरो मन र मस्तिष्कहरूले म भित्र यस्तरी जरा गाडिई सकेका थिए कि तिनीहरूको गहिराई मेरो शरीरको अङ्ग–अङ्ग, नश–नशामा फिजिइएको थियो । मानौं ऊ बिना मेरो रक्त सञ्चार हुँदैन, मेरो मुटुको ढुकढुकी बन्द हुन्छ । केवल म हुन्छु अर्थात् मेरो निष्प्राण हुन्छ ।

रक्सी र चुरोटसँग वैवाहिक सम्बन्ध विच्छेद गरेपछि मैले एकदिन आमालाई भनेको थिएँ– आमा ! अब म बिहे गर्न चाहन्छु । मेरो विगत जिन्दगीको उपहास गर्दै मैले भनेको थिएँ– आमा ! अब म बाँच्न चाहन्छु । खै किन किन म भित्रका अन्तर्द्वन्दले मलाई बाँच्नका लागि प्रेरित गरिरहेछ । मलाई जहिले पनि उपहास गर्ने विगतलाई म देखाउने छु कि मैले मान्छे मध्येको सर्वोत्कृष्ट जीवन बाँचेको छु । मैले बिहे गर्ने सिलसिलालाई अघि सार्दै भनेको थिएँ– आमा ! म उसँग बिहे गर्न चाहन्छु । उसलाई उसको निम्नस्तरीय जीवनबाट छुटकारा दिलाउन चाहन्छु । जिन्दगी बाँच्न र इज्जत बचाउन कठिन धनी बाबु र पैसाको आडको अश्लिल प्रहारले खोपिल्टयाएका उस्का घाउहरू सधैंका लागि निको पारी दिन चाहन्छु ।

मेरी आमाले हैन, सम्पति र इज्जतको आडमा कथित खानदानीको मकुण्डोले मलाई त्यस्तो कार्य गर्न बन्देज लगायो । मैले त्यतिबेरै प्रतिवाद गरें– खोको इज्जत र कथित खानदानको लागि म मेरो जीवन भस्मीभूत हुन दिन्न । मलाई अचम्म लागेर आयो– मान्छे आफ्नो कर्तव्य बिर्सेर खानदान र कथित इज्जत बोकेर कतिन्जेल हिंड्न सक्दोरहेछ । जीवन बाँच्न नचाहँदा रक्सीसँग सम्बन्ध स्थापित गर्न स्वीकृत दिने त्यो खानदान आज जीवन बाँच्ने अधिकारलाई कुण्ठित गर्न खोज्दछ । मैले तुरुन्तै निर्णय गरें– म खानदानको काल्पोले जीवन ओडेर मर्नुभन्दा सम्पन्नताबाट नाङ्गिएर बाँच्न चाहन्छु ।

मेरा पाइलाहरू अनायास उसका घर तर्फ दौडिए । सोच्दै गएँ– आज मैले एउटा भिषण जिन्दगीको युद्ध जितेको छु । म पुरस्कार लिन मञ्च तर्फ दौडिरहेछु । दर्शकहरू मेरा विजयको समर्थनमा ताली बजाई रहेछन् ।

"छिः के गरेको तिमीले ? दिउँसै, दिउँसै यसो

गर्न थालेपछि मान्छेले देख्यो भने के भन्लान् ।"

मैले उसका कोठा भित्रका सम्वादहरू स्पष्ट सुनें । सम्वाद अझै गुन्जेंदै थियो ।

"तर, तिमीले एउटालाई राम्ररी बेवकूफ बनाएकी रहिछयौ । कदर गर्छु तिम्रो कलालाई । धनी परिवारको न पन्यो, पैसा जत्ति ताम्र सक्छयौ तान है । हाम्रै भविष्यका लागि त होनि ।"

"भयो, भयो ऊ आइपुग्यो भने ?"

मलाई एकदम रिगटा लाग्नेर आयो । अब म उसको दलिनमा निर्धक्क लड्न चाहन्थें । म क्रमशः क्रमशः आफ्नो गोरेटो तर्फ लागें । विजयको पुरस्कार लिन गएको मञ्चमा विस्फोटनको धमाकाले मेरा मन र मस्तिष्कहरू अनियन्त्रित भए । सोचें– मैले बेकारको युद्ध लडेछु– जिन्दगीको । आखिरी यो युद्ध कसका लागि ? जीवनमा आएको यो अप्रत्याशित आँधीले मेरो जीवनमा बाँच्ने पूर्वाधारहरू भताभुङ्ग पारिदिएकोले केवल मौन भएर हेरिरहें ।

मेरा एकजना मित्रले मलाई भनेको थियो– "फोहर को माझमा फुलेको कमल टिप्न पसेका आँट र जाँगरहरूलाई त्यसकै गहिराइले डुबाएपछि भड्किएका मृत आत्माहरू सधैं सधैं रातको मध्य प्रहरमा "सावधान, सावधान !" भन्दै शहरका गल्लीहरू घुमीरहेका हुन्छन् । हो साँच्चै मेरो मित्रले ठिकै भनेको रहेछ ।

▽

बिराटनगर–४

उड्नुको सट्टा हामी जब निहुँरिन्छौं तबमात्र विवेकको नजिक हुन्छौं ।

-बर्नार्ड शा

We Extend

Happy Vijaya Dashami

To All Our Well Wishers

AND

Valuable Clients

TRANS HIMALAYAN TOURS (Pvt.) Ltd.

G.S.A. JAPAN AIRLINES

Phone No. 2-24854, 2-23871

DURBAR MARG, KATHMANDU, NEPAL

अमलेख मेरो आस्थाको

-बोधराज पन्त

र मेरै दृष्टिका सामू मेरै अघि उठाइयो
मेरै आकारका मान्छे मलामीमा जुटाइयो
शंखनाद भयो मेरै हाडको शंख फूकियो
रक्त भो मदिरा मेरै मासु मेरै पकाइयो
फेरि दुर्भाग्य यो मेरै बाँड्न मैलाई लाइयो ।

यसरी भोजमा ठूलो टुक्रा टुक्रा भएपछि
खान मिल्ने सबै खाइ हाडमात्रै रहेपछि
मुटुको भुटुवा मागै कुलियो त्यो नराधम–
'भरिएन अझै पेट कलेजो अरू चाहियो'
तुरुन्तै बेधशालामा अर्को मानिस ल्याइयो
फेरि दुर्भाग्य यो मेरो बाँड्न मैलाई लाइयो ।

निरन्तर शृङ्खला यस्तो वर्षौंसम्म चलिरह्यो
धर्तीमा वेगिलो हुरी– वर्षा,– भेल बहिरह्यो
टाँगिन्थे टाउका पारी भित्तामा दाश–दाशीका
आलोरक्त तिनैबाट टप्किदै बहँदै रह्यो
बहँदै बहँदै रक्त समुन्द्र सम्म फैलियो
ढाक्यो पृथ्वीबाटो भूत–प्रेत–मसान भो

फेरि दुर्भाग्य त्यो बाटो हिंड्न मैलाई लाइयो ।
इतिहास जलाएर खरानी मात्र राखियो
मान्छेभित्र रहेको त्यो 'मान्छे' लाई लुकाइयो
'परोपकार पुण्याय'– खल्तीमा कुटुन्याइयो
प्रजातन्त्र पनि माथे जाडोमा ठिठुन्याइयो
मान्छेले देश खै भन्दा मानचित्र बताइयो
पहेंलो खोलको भित्र देश फर्सी बनाइयो
बेचिएन र के ! बेच्न मान्छेसम्म पठाइयो
टेक्न सगरमाथाको यौटै बैशाखी राखियो
फेरि दुर्भाग्य बैशाखी टेक्न मैलाई लाइयो ।

गाइयो गीत गल्लीका धुप्रै मान्छे हँसाइयो
लोरी पो ता थियो त्यो ता जनता अलमल्याइयो
भीख मागेर गोर्खाली स्वाभिमान बिलाएर
नाम आफ्नो कुँदाएर शिलापट्ट बनाइयो
लाटाको देशमा गाँडो तन्देरी बन्न पाइयो
गर्न मिल्ने नमिल्नेको सीमाना किन चाहियो
लाज सर्म दया माया परलोक पठाइयो–
आमाको काखमा बस्दै गुप्ताङ्ग सुम्सुम्याइयो;
धिक्कार ! भाग्य धिक्कार ! जन्म धिक्कार पाइयो
फेरि दुर्भाग्य यो जन्म बाँच्न मैलाई लाइयो ।

यसरी एउटै देह लाखौं चोटी मरिरहें
लाखौं भोज खुवाएर आफू भोकै परिरहें
अझ राक्षसको पेट टमक्क भरिएन छ
भान्सामा रुग्ण आँखाले हेरें केही बचेन छ
मान्छे धर्म कला भेप केही बाँकी रहेनछ ।
अब ऊ देश नै खाने दुस्साहस लिई उठ्यो

उज्याएर दुवै दाह्रा आफ्नो संकल्पमा जुट्यो;
यत्नले साँचीराखेको यही एक चटाइ हो
रित्तिएर सबै आफू आर्जेको पाइ पाइ हो
के हैन देश यो मेरो ?– आस्था, विश्वास, धैर्य हो
जिन्दगी बाँच्नका निम्ति यौटै मात्र विकल्प हो
जब यै देश नै खाने तारतम्य मिलाइयो
मेरो मस्तिष्कको तार थोत्रो गीतार झैं बज्यो

पैतालो पनि अर्कैको दास बन्ने भएपछि
मैले सगरमाथाको बैशाखी टेक्न थालिन
अधिकार स्वयम् माथि स्वयम्को नरहेपछि
अर्काको दानमा चुत्थो जिन्दगी बाँच्न चाहिन
आफ्नै पूर्व पिडाबाट जुटे संघर्ष– सम्बल
नाङ्गो मैदानमा छिट्टै उम्रियो घोर जङ्गल
छुटे बन्दूकका पर्रा तर मान्छे लडीरहे
एउटा भूँईमा ढल्दा लाखौं मुच्छित ब्यूँतिए
दशकौं पछि धर्तीमा यौटा झुल्के विहान भो
हिजोका भोज खानेको आज यौटै चिहान भो ।

के देखें सपना यस्तो मध्यरात हुँदै थियो
सोंचे निश्चय नै नौलो सर्ग आदि हुँदै थियो
आँखा चिम्लि म सुस्ताएँ मिमिरे फैलिदै थियो
ख्याल बाहिरको धुँधी विस्तारै बैलिदै थियो ।

नयाँमील, रुपन्देही

कविता

श्रीपेच हाम्रो भने

–वासुदेव अधिकारी

जस्को देश बसाइले प्रतिपला आतङ्क बर्षिरह्यो
जस्को क्रूर डसाइले मुलुकको अस्तित्व चकिरह्यो
जस्को उच्च विधानमा सब जना बेमूल्य रैती बने
त्यै रैतीहरूले मिलेर अहिले श्रीपेच हाम्रो भने

मान्छेका पसिना अमूल्य रचना जो स्वादले प्युँदथ्यो
टाटे बाघ समान देश चिथरी जो रक्तले ज्युँदथ्यो
उस्को बर्बरतन्त्रमा प्रकृतिका सर्वाङ्ग कैदी बने
त्यै कैदीहरू देवतासित गई श्रीपेच हाम्रो भने

जस्को दानप्रदानभित्र अरूले हाँस्ने नहाँस्ने हुने
आफ्नो निम्ति नपाइने रून कतै उस्लाई पूजे हुने
ठण्डाराम स्वतन्त्रता बकसले रैतीहरू रत्तिए
त्यै रैतीहरूले बुझेर अहिले श्रीपेच हाम्रो भने

सिगो देश पकाउने मुफतमा खाने पिने एउटा
लेख्नै हुन्न तथापि देख्नु परने पंफाहरूको कथा
पंफाको मृदु हास्यको लहरले अन्याय रून्चे बने
त्यै रून्चेहरू एकलव्य हुन गै श्रीपेच हाम्रो भने

धादिङ

राजनीतिमा सानो बालकलाई पनि पोशाक चाहिन्छ भने साहित्यमा सम्राट पनि नाङ्गो हुन्छ ।

–बी. पी. कोइराला

यात्रा वृत्तान्त

यसपालाको मेरो दशैं/आमा रोगिएको दशैं*

–दार्सिङ्वासे माइलो

कुनै कुरा लेख्छु भनेर पनि लेख्न सकिन्न त कुनै कुरा लेख्दिन भन्दा पनि लेख्न परिरहेको हुन्छ । मेरो यो यात्रा प्रसंग यस्तै लेख्दिन भन्दा पनि लेख्नु-परेको प्रसंग हो । मलाई जुन कुराले मानसिक आघात पुऱ्याई रहेको हुन्छ त्यसलाई म बोलेर भन्दा लेखेर सन्तोष लिने गर्छु ।

जुन ठाउँमा म जन्में, बढें, हुर्कें र पढें– जुन ठाउँमा चौरासी गरेका मेरा बाबु र सत्तरी नाघेकी मेरी आमा अद्यावधि जीवित छन् अनि काठमाडौंजस्तो राजधानीलाई मन नपराएर त्यहींको आनन्दमा रमाएका छन्– त्यो ठाउँमा म प्रत्येक शरदमा अवश्य पुग्ने गर्छु र विजया दशमीको पुनीत उपलक्ष्यमा बूढ बाबु आमाको हातबाट टीका जमरा लगाएर शुभाशिष लिने गर्छु । यस अर्थमा यो मेरो निरन्तर चल्ने प्रक्रिया हो, कुनै नौलो घटना होइन ।

समय सँधै एकनास रहन्न प्रत्येक वर्षले आ–आफ्ना विशेषता लिएर आएका हुन्छन् समय र परिस्थितिसंगै मानिसका सुख-दुःख, हर्ष–उल्लास, व्यथा–पीडा, आशा–निराशा तथा उत्कट अभिलाषा र मानसिक विच्छिप्तताहरू जीवन्त बनी रहेका हुन्छन् । यस-पालाको मेरो दशैंले पनि यस्तै नयाँ विशेषता राख्यो– व्यथा, पीडा, निराशा, मानसिक, विच्छिप्तता तथा पारिवारिक अशान्ति । दशैं आयो गयो, आउनु भन्दा नआउनु ठिक थियो, टीका लगाउनुमा भन्दा नलगा-उनुमै आनन्द थियो । दशैं दशा त होइन – दशैं मजा हो, आनन्द हो, उमङ्ग र उल्लासको अर्को नाउँ हो । तर गरीबको लागि भने पक्कै दशा हो । मसँग दशैं धुमधाम मनाउन सक्ने सामर्थ्य भएर पनि मनाउन सकिन । मानिसलाई परिस्थितिले साथ दिएन भने टाउकै फोरे पनि केही लाग्दैन ।

मैले प्रत्येक वर्ष जस्तै बूढ बाबु आमाको हातबाट टीका लगाउँला मीठा मीठा पक्वान्न र ताजा स्वादिष्ट फलफूल खाउँला अनि केही दिन भएपनि बाबु आमाको सन्निकटमा रही बाल्यावस्थालाई नवीकरण गरूँला भनेर बाटाका दुःख कष्टहरूलाई पनि किञ्चित नठानी टीकाको पाँच दिन अगाडि सपरिवार घर पुगेको थिएँ ।

दशैंको वेला लामो यात्रामा निस्कने मान्छेले औंधी सास्ती खानुपर्छ । काठमाडौंदेखि बुटवल हुँदै तानसेन जाने बसको १५–२० दिन अगाडि टिकट लिए पनि

* यो २०४६ सालको घटना हो । –लेखक

सिट नं. दोहोरो मात्र होइन तेहेरो पर्ने अत्यधिक सम्भावना हुन्छ भने तानसेन–रिडी–तंघासको बाटोमा पूरै ७५ कि.मी. को दूरी नाप्नेले मात्र सीट पाउन सक्छ । तानसेनदेखि यतापट्टि म कति पटक रातभर बसमा उभिएको छु भने तानसेनदेखि तम्घाससम्मको टिकट काटेर ४१ कि.मी. मा पर्ने घोराली (पानी टयाङ्की) मा ओर्लेको छु अनि करिब पन्ध्र मिनेटको तेर्सो बाटो हिंडेर आफ्नो गाउँ दासिङ्वास पुगेको छु ।

मान्छे सुविधाभोगी प्राणी हो, उसलाई जतिसुकै सुविधा भए पनि पुग्दैन । मेरा बाबु बाजेको त कुरै नगरौं– दाईले पनि दुई दिनसम्म हिंडेर बुटवल पुगी नून, मट्टितेल र कपडा बोकेको मलाई थाहा छ । म पनि त्यो बाटो चारचोटी ओहोर–दोहोर गरेको छु । तानसेनसम्म त म कतिचोटी हिंडे भन्न सक्दिन तर बीस वर्षमा बीसैचोटी पक्कै हिंडे हूँला, त्यो थाहा छ । अब तानसेनसम्मको ६ कोस बाटो हिंड्ने त कुरै नगरौं अहिले त म कतिसम्म कल्पना गर्न थालेको छु भने काठमाडौंदेखि तम्घाससम्म सीधै बस सेवा शुरू भए बीचमा ओर्लनपर्ने झन्झट हुने थिएन र घरबाट फर्कंदा घिउ, तेल र रसद पानी अझ बढी ओसार्न पाइने थियो ।

एकछिन म यस्तै गन्थन–मन्थनमा लागेछु । मेरो उद्देश्य यात्रा प्रसंगलाई अगाडि बढाउने हो । म सपरिवार घर पुग्दा रातको नौ बजेको थियो । ६ कोस पैदल बाटोको दूरीमा बसलाई दशघण्टा लागेछ । सुन्नेलाई आश्चर्य लाग्ला– कुरा साँचो हो । एउटा बलियो र रिस्तो मान्छेले बसलाई सजिलै उछिन्न सक्छ । विभिन्न कारण मध्ये पहिलो कारण हो– कच्ची र अप्ठ्यारो बाटो, दोस्रो– पटयार लाग्दो घुमाउरो बाटो र तेस्रो कारण हो– अनियन्त्रित भीड ।

वर्षाको वेला त्यो बाटो निकै खतरनाक हुन्छ । कतै पहिरो गएर बाटो बन्द हुन्छ कि भन्ने जगजगी पनि भैरहन्छ । तर भाग्यले हामीलाई हिंड्न परेन । काठमाडौं मेड मेरी श्रीमतीलाई तानसेनदेखि हिंडाएर लैजान परेको भए मैले ठूलो सास्ती खानुपर्थ्यो । बच्चा बोक्ने कि श्रीमती घिसार्ने ! सामान बोक्ने त झन् कल्ले हो ! बरू सामानमाथि मान्छे र मान्छेमाथि बच्चा भै मान्छे–मान्छे च्यापिएर धुलो र पसिनाले नुहाएकै राम्रो ।

जे होस्– हामी घर पुग्यौं– अंग भंग नभैकन । तर घर पुग्दासाथ 'ए आएछ बाबु त...!' अथवा 'ए... आएछन् नानीहरू त...!' भन्दै ढोकासम्म आउने मेरी आमा त्यसदिन देखिनु भएन । कारण उहाँ विगत अठार दिनदेखि थलिनु भएको रहेछ ।

राती मेरो मनमा धेरै तर्कनाहरू उठे, मलाई धेरै रातीसम्म निद्रा परेन । आमा त्यसरी थलिने मान्छे नै हुनुहुन्न । आमा पाँच दिन पनि ओछ्यान परेको मलाई अद्यावधि थाहा छैन । अहिले अठार दिनसम्म कसरी ओछ्यान पर्नुभयो त ? सोध्दा– धामी झांक्री र झारफुकेलाई देखाइएको छ रे ! लागो, भूत-प्रेत बा बोक्सीको छल छायाँ पनि खुटिएको छैन रे ! के हुन्छ त ? शारीरिक रोग खास केही पहिल्याउन सकिएन– खाने मन हुन्न, बाक्बाकी लाग्छ, हातखुट्टा झम-झमाउँछन्, सिल्का हान्छ, कहिले ज्वरो बढ्छ, कहिले घट्दै गएर सर्लङ्ग चीसो हुन्छ । पानी तिर्खा लागि-रहन्छ, पिसाब त्यति खुल्दैन । यसैगरी अठार दिन विते । मैले निश्चय गरें– यसरी भएन, भोली अस्पताल पुऱ्याउनुपर्छ या स्थानीय डाक्टरलाई देखाउनुपर्छ ।

भोली विहान मैले रातीका तर्कनाहरू व्यक्त गरें– नागो (कुलदेवता– नाग) लागेको भए औषधी खाँदा व्यथा झन् बढेर आउँछ भन्ने केही अल्पसंख्यक भनाइ-लाई वास्ता नगरेर पहिले विरामीको प्रकृति अनुसार औषधी ल्याउने निर्णय गरियो र ल्याइयो पनि । तर त्यो औषधिले दुई दिन त केही आराम पुऱ्याएको हो त्यसपछि जस्ताको तस्तै । मैले जोड दिएँ– पहिले स्थानीय डाक्टरलाई देखाउने, उसले असक्तता व्यक्त गऱ्यो भने अस्पताल दौडाउने । दिन नवमीको थियो– भोली आउने दशैंको हर्जो कर्जो कसरी टार्ने हो ! त्यो पनि अर्को चिन्ताको विषय थियो । केही छरछिमेकी-हरूले अरू वर्ष जप्ने गरेको सूतक जूठोको जप मैले यसपाला जपें, तर भगवानले मेरो प्रार्थना सुनी दिएनन् । साँझ पर्दासम्म पनि कतैबाट केही सुईको पाइएन ।

घरमा सामान भएर के गर्ने ! त्यसलाई प्रयोगमा ल्याउने मान्छे नभएपछि । मान्छे खोज्न कहाँ जाने ! दशैंको तयारीमा लागेकाहरू को नै आउलान् र ? आखिर दशैं मनाउनै पर्ने भो । गाउँकै दोस्रो बूढोघर मानिने हाम्रो घरमा भोली मान्छेको घुइरो कति लाग्ने हो ? तिनीहरूलाई टीका लगाई दिएपछि प्रसाद के दिएर पठाउने ? गाउँघरको चलन– औकात अनुसार दही, केरा, कुराउनी, रोटी, हलुवा, अचार, आउने जतिलाई टकयाउनुपर्छ । केही श्रद्धालुजन-हरूलाई त दूध, दही चिया र खानाको समेत आग्रह गर्नुपर्छ । यस्तै अचम्मित अवस्थामा नवमीको रात गहिरिंदै थियो । सोचेर मात्र के गर्ने ! पार नलाग्ने भएपछि । हामी भोलीको कार्यक्रमलाई भोलीकै निम्ति छाडेर सुत्यौं ।

निद्रावस्थामा कोही कहराई रहेको आवाज मेरो कानमा पऱ्यो । ब्यूँझेपछि थाहा भयो– त्यो आवाज आमाको रहेछ । खुट्टा खायो, झम्झमायो, सिल्का हान्यो भन्दै आमा छट्पटाई रहनु भएको थियो । गएर मैले धेरै बेरसम्म खुट्टा माडी दिएँ । समय साढे एक भएको थियो । धेरै बेरपछि पनि उहाँ त्यसैगरी छट्पटाई रहनुभयो र भन्नुभयो– मलाई बोक्सीले खान लागे बाबु, जाउ– पारिको दाईलाई लिएर आउ, उसले फुकेपछि बोक्सी भए नीको हुन्छ । उहाँको बोली टार्न नसकेर म एउटा टर्च लिई बीच बाटोमा पर्ने सानो खहरे खोलो तरेर पल्लो गाउँतिर लागें । त्यो सुनसान मध्य रातमा म निडर भै एक्लै हिंडिरहेको थिएँ । मेरा कठोर एवं बलवान आँखाबाट पनि अना-यासै आँसु रसाएर आए । पाइलाको चालमा एकछिन मैले आफैलाई भुलें र केही र कोही नभएको महसूस गरें । सम्बन्धित मान्छेलाई बोलाएर ल्याउँदा तीन बजेको थियो ।

उनले करिब एक घण्टासम्म आमाका विभिन्न अंगमा फुकिरहे, त्यसपछि पनि उनी झट्ट हिंडेनन् । उज्यालो नहुँदासम्म त्यहीं बसेर त्यतैबाट खेतमा पानी लगाउन जाने रे ! म हैरान भएर हाई–हाई गरी बसी रहें । त्यसरी बोलाएर ल्याएको मान्छेलाई जाउ या बसी रहू म सुत्न जान्छु पनि भन्न भएन । दुवैजना सुतौं त भनेको हुँ तर धेरै बेर निदाइएला भनी उनले मानेनन् । त्यो एकघण्टाको समय मेरा लागि काल-रात्री जस्तो लाग्यो, अनि जेलमा आततायीहरूले भोग्ने कष्टजस्तै लाग्यो । उनी गैसकेपछि एक झप्को के लगाएको थिएँ उज्यालो भैहाल्यो ।

त्यो रातको सबभन्दा आश्चर्य लाग्दो विषय के

थियो भने– आमाको त्यो आर्तनाद म बाहेक न कसैले सुन्यो, न त त्यो चारघण्टे क्रियाकलाप नै कसैले थाहा पायो ।

बिहानपख मैले सुनें– आमाको उत्तरदायित्व वहन गर्ने भाईकी श्रीमती पनि मासिक धर्मले बाहिरिइन् रे ! अब उनी गाग्री, ताउलो (खडकुलो) देखि लिएर चीसा भांडा र खाद्य पदार्थ छुनबाट समेत पन्छिइन् । यसपाला दिदीहरू पनि आफ्नै गृह समस्याले आउन सक्नु भएन, अब के गर्ने ! कहाँ जाने ! परेन के फसाद ! म भाउजुसँग गुहार माग्न पुगें– "सबै जहान परिवार बूढो घरमै आउनुस्, छोरी ज्वाईंको सम्मान पनि बूढो घरमै गर्नुस्, हाम्रो घरको सबै जिम्मेवारी तपाई नै लिनुस, बूढो घरको इज्जत तपाई नै बचाउनुस ।" भाउजुले मेरो आग्रहलाई नकार्नु भएन । थरी–थरीका रङ्गी–बिरङ्गी रोटी पाक्ने कराहीलाई कुनातिर सारेर खडकुलो बसालियो र हलुवा पकाइयो । विभिन्न स्वादका अचारहरूको सट्टा चार पाँचवटा कांक्रा काटेर एउटा आरीमा अचार तयार पारियो । पहिले जस्तो हरिया टपरी र बोहोता यसपाला देख्न पाइएन । ध्वाँसो र धुलोले भरिएका वर्षौं पुराना दुना टपरी यसपाला सिद्धिए । भित्र बाहिर, तल माथि, बल्लो गोठ र पल्लो गोठ धाएर पनि टीका लगाइदिन नछुटाउने मेरी आमालाई यसपाला एकजनाले हात समातेर प्रत्येकको निधारमा पुऱ्याई टीका लगाउन मद्दत गरी दिनुपर्ने भयो ।

दशा लागेपछि दशथोक हुन्छ भन्छन् । दिनको मध्यान्तरमा एकजनाले खबर ल्यायो– 'धाँस झार्न गएकी बुहारी रूखबाट भुइँमा खसी लम्पसार परेर छट्पटाईरहेकी छन् । शरीरमा चोटपटक कति लाग्यो वा कुनै अंग भाँच्चियो थाहा छैन ।' त्यसपछिको हाम्रो घरको अवस्था कस्तो भए होला ! उल्लेख गरी राख्नु परोइन । मैले पन्ध्र वर्षपछि गोबर फालें, बाह्र वर्षपछि पानी बोकें, सात वर्षपछि भैंसी दुहें, सायद पाँच वर्षपछि घाँसको भारीमा नाम्लो हालें, कुन्नी कति वर्षपछि जूठा भांडा पखालें ।

हाम्रो परम्परामा दशमीको दिन बाहेक अरू दिन टीको लगाइन्न । त्यसैले कोही आउँछन् कि भनेर भोकभोकै बसी रहेका बाबु आमालाई रातको एघार बजे भान्सा गराइयो । ओछ्यानमा पुग्दा बाह्र बजेको थियो । पहिलो दिनको अनिदो र त्यस दिनको दौडधूपले थकित भएको मेरो शरीरले ढील भएपनि रात्री विश्राम गर्ने सुअवसर पाएकोमा मलाई निकै आनन्दको अनुभूति भैरहेको थियो– मानौं हामीले ठूलो पुरुषार्थ गरेर देखायौं ।

बत्ती निभाएर म के ढल्न लागेको थिएँ– ढोका ढकढक्याएको आवाज आयो । अनि दाईको बोली स्पष्ट सुनियो– "लौ ढोका खोल्नुपर्‍यो ।" मेरो मुटु ढक्क फुल्यो । दशैंको दिन त्यो वेलामा त्यस प्रकारको आवाज हामीहरूको लागि पक्कै आपत्तिजनक हुनुपर्छ । भन्दा नभन्दै आठजनाको लामलस्कर घरभित्र पस्यो । त्यो हूलमा बा आमाका छोरा र छोरीतिरका गरी दुई जोडी नातिनी ज्वाईं पनि थिए– एउटा नयाँ र अर्को दोस्रा । अब ती ज्वाईंहरूको आतिथ्य सत्कार कसरी गर्ने ! घरको अवस्था जानी जानी त्यसवेला ल्याएकोमा मैले दाईसँग गुनासो पनि पोखें । तर थाप्लोमा परिसकेको गह्रौं र अत्याज्य भारीलाई नपन्छाई सुख थिएन । जूठा भांडा खडकुलाभरि छन्, सबैले एक–एक घुट्को खाए पानी सकिन्छ, दूध, दही,

मोहीको सेतोसम्म पनि छैन, तरकारीको नाममा फर्सी वाहेक अरू उपलब्ध हुन सक्तैन । जिन्दगीको प्रथम अनुभव संगालेकी मेरी श्रीमतीले– 'ज्यान दुख्यो, ज्वरो आउन लाग्यो' भनेर येनकेन बच्चालाई च्यापेर लडेकी छन् । अब को अगाडि सर्ने ? कसले के गर्ने ? यस्तो संकट मेरो जीवनावधिमा सायद कहिल्यै परेजस्तो लाग्दैन । बोल्न लाज मानेर समस्याको समाधान हुनेवाला थिएन र मैले कुरा फोरें । जस अनुसार– दिउँसोको हलुवा र अचार अनि रातो तर कागती हालेको चियाले पाहुनाहरूको स्वागत गरिने भयो ।

विचरा ज्वाइँ साहेबहरू देखेर मलाई माया पनि लागेको थियो र हाँसो पनि । बूढो ससुराली गएर चौरासी व्यञ्जनले घेरिएको वासनायुक्त चिल्लो र नरम भातको थालीमा हात बढाउँदा कस्तो आनन्दको अनुभव होला ? यस्तो कल्पना अवश्य पनि प्रत्येक प्रथम ज्वाइँले गर्छ । यस अर्थमा मलाई उनीहरू प्रति माया लागिरहेको थियो । हाँसो यस अर्थमा उठिरहेको थियो– रातारात हिड्ने ज्वाइँहरू संभवतः अब हिड्दा विचार पुऱ्याएर मात्र हिड्ने छन् ।

जे होस्– तिनीहरूलाई भोजन गराएर सुत्ने व्यवस्था समेत मिलाएपछि एक प्रकारले दशैं समाप्त भएको घोषणा गरियो । दोस्रो पटक म ओछ्यानमा पुग्दा दुई बज्न लागेको थियो । यसरी बित्यो– मेरो यस-पालाको दशैं ।

आमा छोरा बीचको सान्निध्य एवं माया र ममता कोसँग हुँदैन होला र ! यसै प्रसंगलाई कोट्याउँदा मलाई भन्न मन लाग्छ– सयकडा उनान्सय मात्र होइन दशमलव उनान्सय प्रतिशत आमाहरू छोराछोरीको अहित चिताउँदैनन् । उनान्सय आमाहरू आफ्ना सन्ततिको सदैव प्रगति र उन्नतिको कामना राख्दछन् । पचास आमाहरू छोराछोरीकै कल्याणका लागि रातीको निद्रा भगाउँछन् । पच्चीस आमाहरू छोराछोरीले खाएपछि आफू अघाएको अनुभव गर्छन् । दश आमाहरू छोराछोरीको अनुहार हेरेर मात्र अघाउँछन् र खाइसकेपछि त झन् परमानन्दमा रमाउँछन्, आत्म-विभोर हुन्छन् । तर 'तिमीहरूले खाएपछि म अघाएँ' भन्दै सत्तरी वर्षको उमेरमा पनि त्यत्तिकै काममा नाचीरहन सक्ने मेरी आमालाई त ईश्वरले नै खानै नपर्ने आशीर्वाद दिएका पो हुन् कि ? मलाई थाहा छैन । अस्तु ।

म चाहन्छु– आमालाई सर्वोपरि छान्ने हाम्रो मानवीय धर्म सबै मनुष्य जातिमा रही रहोस् । एक पटक मृत्यूको काखमा पुग्नुपर्ने प्रकृति प्रदत्त नियमलाई सबैले पालन गर्ने परे पनि मातृत्व प्रेमबाट कोही पनि नटाढियुन् । मातृत्व महिमा सबैले बुझुन् र परमेश्वरले पनि सबैका आमाको आयु धेरै लामो बाईन दिउन् ।

बलेटक्सार दासिङवास, गुल्मी

२०४७

विजया दशमीको

पुनीत उपलक्ष्यमा

समस्त देशवासीहरुमा

मङ्गलमय शुभकामना ।

शाही औषधी लि.

कविता

–त्यसैले अब म विदेश फर्कन्न

–सुश्री बाबा बस्नेत

"दुब्लो भइछस् बाबु !"
...आमाको ममता उ यसरी पोखिन्छ–
"मेरा रक्तकणहरूमा
नेपाल आमाकै सुत्केरीको दुखाई दुखीरह्यो ।"
–उतै कतै सुखको जीवन व्यतित गर्छु भनेर
विदेशिएको नेपाली ठिटो उ,
धेरै वर्ष पछि नेपाल फर्किएको छ
र, आफ्नो पराले झुपडीको पिडीमा
थ्याच्च बस्दै भन्छ–
"अब म सगरमाथा र कञ्चनजङ्घा अनि
डाँफे र लालीगुराँस भएर नेपालमै बाँच्नेछु ।"

नेपालकै गर्भमा
यी हात–पाखुरा र सृजनशील पैंतालाहरू निर्माण भई,
नेपाली माटो, हिमाली हावा, अनि
गण्डकी र कर्णालीको
बासन्ती सौरभ संगालेर जीवन
नेपाल नै बोकेर हुर्किएको रहेछ
त्यसैले होला शायद,
मलाई नेपाली कोदो र फापर नै पच्दोरहेछ ।
'वाशिङ्गटन', 'टोकियो' र 'हेम्बर्ग' शहरको,
'फाइवस्टार' होटलहरूका
'ब्रेकफास्ट', 'लञ्च' र 'डिनरहरू'ले
आफ्नै ओदाने अगेनामा ओडालिने डिडोको
तिर्सना मेटाउन सकेन ।
'डिसकोथेक'हरूमा गुञ्जिने
रोमाञ्चित साङ्गीत्य धूनहरूले पनि,
मेरो धौराली र भन्ज्याङहरूमा घन्किने
मादलको ताल र असारे–भाकालाई
विर्साउन सकेन ।

–गर्मीको वेलामा त्यहाँ
'फ्रिज'को पानीले पनि मेरो
जिब्रो पोलिरह्यो.....,
'एअरकुलर'को शीतल हावामा पनि ममा
पसिना आइरह्यो
हरेक समय, हरेक पाइलामा
मेरा हत्केलाहरूले
मेरै असार र मङ्सीरको
गरा, आली र कान्लाहरू खोजीरह्यो
अनि, मेरो कानमा
मेरै मन्दिरमा बज्ने
घण्टाहरूको आवाज गुञ्जीरह्यो...,
–त्यसैले आमा ! अब म विदेश फर्कन्न ।

इरानियन शील्पकलाका निर्माता महिलाहरू

–डा० मथुरा के. सी.

इरानियन शील्पकला तथा कारिगरी विश्व प्रख्यात छ। यी विभिन्न प्रकारका छन् र छालामा चित्रित चित्रहरूदेखि लिएर गलैंचा र धातुका पाताहरूमा कुंदिएका चित्रहरू तथा सेरामिक्सहरू यस अन्तर्गत आउँछन्।

शताब्दियौंदेखि, इरानियन शील्पकार तथा कारीगरहरू प्राकृतिक रूप–रेखा तथा रंगद्वारा प्रेरणा पाएर, आफ्नो मानसिक तथा हस्तकलाको गुणलाई आत्मसात् गरी अति आकर्षक वस्तुहरूको उत्पादन गर्ने इरानियन महिलाहरू सजग भएका छन् र प्राविधिक विकास तथा बदलिदो पिढीहरूका चाहनाहरूलाई समेट्दै आएका छन्। शील्पकला तथा कारीगरीको इरानमा प्राचूर्य छ र ठूलो संख्यामा महिला तथा पुरुषहरूले विभिन्न ठाउँहरू, आफ्नो घर, झुपो, पाल र कार्यशालामा तैयार गरिरहेका छन्।

कारीगर तथा शिल्पीहरूले हाल इरानमा अपनाउने शैली तथा प्रतिरूपहरू तेहरान स्थित इरान शील्पकला संघमा भएका मुठीभरका शिल्पीहरूद्वारा तैयार पारिएका नमूनाहरूमा आधारित छ भन्ने कुरा कर्म मात्रलाई थाहा छ।

घरेलु तथा विदेशी बजारमा इरानीयन शील्पकलाको गुण तथा विश्वसनीयता कायम गर्ने अभिप्रायले, यस संघले एक प्राविधिक पेशावारी दलको निर्माण गरेको छ। जसले नयाँ नयाँ शैलीका नमूनाहरू तैयार पार्दछ र देशभरि छरिएका कारिगर र शिल्पकारहरूलाई वितरण गर्दछ।

सबभन्दा घतलाग्दो कुरो त यो छ कि, यस सात सदस्यीय दलमा छ महिलाहरू छन्। र यिनीहरूकै संरक्षणबाट इरानियन शील्पकलाको प्रवर्धन भएको छ भन्ने कुराको संकेत पाइन्छ।

'जोलिम' गलैंचा खस्रो खालको हुन्छ। यस्को इतिहास हजारौं साल पुरानो छ र अझै पनि कुर्दे, लोरस तथा वेलूच महिलाहरूले बुन्ने गर्दछन्। शील्पकला संघका सदस्यहरूले केवल नयाँ नयाँ शैलीका नमूनाहरू तैयार गर्ने मात्र होइन, उनीहरू निर्यात स्तरका गलैंचाहरू पनि तैयार गर्छन्। देशका विभिन्न भागहरूमा छरिएका कारखानाहरूमा गई सर्वेक्षण गरी शील्पी तथा कारिगरहरूलाई प्रोत्साहित गर्ने गर्दछन्।

देशका विभिन्न भागमा छरिएर काम गरिरहेको भएता पनि शील्पीहरू, वास्तवमा कलाकारहरू हुन्।

तिनीहरूलाई यसरी काम गर्नुपर्छ भनी सिकाउँदा मन नपर्ने स्थिति पनि आउन सक्छ, तर धैर्यताकासाथ यी महिलाहरूले नयाँ नयाँ शैलीका नमूनाहरू तैयार गर्ने ती कारिगरहरूलाई प्रोत्साहित गर्दछन्। जसले गर्दा हस्तकलाहरूको निर्माणमा विस्तार हुनसक्छ। यस दलले देखरेख गरिरहेको कलाको अर्को क्षेत्र सेरामिक्स हो। माटोका भाँडाहरूको निर्माण मानवजातिको अति पौराणिक उत्पादनहरू मध्ये एक मानिएको छ। जब मान्छेले पानी तथा खानेकुराको संरक्षण गर्ने आवश्यकता तथा माटोका रहस्यात्मक गुणहरू पत्ता लगायो, माटोका भांडाहरूको निर्माण आरम्भ भयो। इरानका विभिन्न पुरातत्त्व सम्बन्धी उत्खनन यसका क्षेत्रहरूमा पाइएका भांडाकुंडाहरूबाट यो प्रष्ट हुन गएको छ कि हजारौं साल अघिदेखि देशका विभिन्न भागहरूमा इरानियनहरूले माटोका भाँडा उत्पादन गर्ने विभिन्न तरिकाहरू अपनाउँदै आएका थिए। आजकल पनि यस किसिमका भाँडाहरू, इरानका विभिन्न भागहरूमा उत्पादन गरिन्छन् र एक भागका उत्पादनहरू अन्य भागका उत्पादनहरू भन्दा फरक देखिन्छन्।

माटाका भाँडाहरूको निर्माण महिलाहरूले दशहजार वर्ष अघिदेखि शुरू गरेका हुन्। र यी भाँडाहरूको शैली तथा रूपमा सुधार ल्याउन आफ्नो कार्यशाला परित्याग गरी गाउँ पाखा तथा प्रदर्शनीहरूको भ्रमण गर्ने गर्दछन्। 卐

मुक्तक

–पराश न्यौपाने

तिमी मेरो म तिम्रो खेलौना
लाला-वाला सबै हाम्रो खेलौना।
सबैको मन बहलाउन जीवनमा,
खेलौनाले पनि खेलायो खेलौना।

बलाम, स्याङ्जा

दुई लघुकथा

तलब बृद्धि भएपछि

–कृष्ण जी. सी.

☐ सुन्नुस् त आन्द्रा ज्यादै बटारियो डाक्टर साहेबले भन्नु भएको फलफूल खाए चाँडै तंग्रिन्छ रे! यसो केही ल्याई दिनुहुन्थ्यो कि? प्रसुति गृहको शैय्याबाट आफ्नी स्वास्नीले सकी नसकी भनेका यी वाक्यहरू उसले प्रष्टै सुन्यो। हुन्छ! तिमी आराम गर्दै गर म अहिल्यै ल्याउँछु। यति भन्दै ऊ अस्पतालको निरास लाग्दो वातावरणबाट बाहिर निस्क्यो। एक पटक विस्फारित नेत्रले चारैतिर हेर्‍यो र विस्तारै कोटको दुवै खल्तिमा एकै पटक दुई हात हाल्यो तर त्यहाँ उसले डाक्टरको प्रेसक्रिप्सन र सूर्ति झरेको ठूटो सिगरेट सिवाय केही पाउन सकेन।

दया

– हजुर मेरो काम!
– दच्छिणा ल्या–छ?
– साह्रै गरीब छु हजुर!
– भोली आउ।
– 'हिजो पनि त्यसै भन्नु भा'को हजुर!
– त्यसो भए पर्सी आऊ, जाउ भीड नगर।
– पर्सि कसरी आउनु हजुर, घरै पुग्न दुई दिन पूरा हिड्नुपर्छ। दया गर्नुस् हजुर म माथि। त्यो काम नभए छोराछोरी टुहुरा हुन्छन्। म..... म त अलपत्रै हुन्छु हजुर!
– ओहो तिमी त साह्रै दुःखी देखिन्छौ नि! ल भैगो आज तिमी मकै बस, भोलि मेरो अलिकति बारी बाँझो छ खनेर डल्ला फोर्नुपर्छ। तरकारी को बिऊ ल्याएर कलिकति खेत लगाउनु पनि पर्‍यो। पर्सी तिम्रो काम पक्का।

केही हाइकुहरू

–विप्लव ढकाल

– रेखा अनन्त
बृत्तहरू घुम्दैछन्
बिन्दु सत्यमा !

– हाम्रो अगाडि
गीत गाइरहेछ
रातो परेवा ।

– ढाक्रे मरेछ
पेट रित्तै थियो रे
चामलको भारी !

– बाँच्ने क्रममा
थाहै नहुँदो रैं छ
आफू मरेको !

– मान्छे बन्दी छ
र ऊ छट्पटाउँछ
पर्खाल भित्र ।

– सडक छेऊ
मैले त हिंड्नुपर्छ
युग बोकेर

– मृत बस्तीमा
कहाँ बल्छ र प्रिय !
साँझको बत्ती

– मन जल्दैछ
बाँच्ने फुर्सदै छैन
खोई के लेखूँ !

– धर्ती चिसो भो
म फेरि चोर्न जान्छु
स्वर्गको आगो !

– रात घेरै छ
मान्छे ! घाम बनाऊ
आगोहरूको ।

– हिउँ झर्दैछ
मुर्दा कक्रिरहेछ
आकाश हेर्दै !

– मनको काग
अझै रोइरहेछ
कुहिरो भित्र ।

– मर्नु अघि नै
मक्किदै गैरहेछन्
मान्छेका हड्डी !

– नाङ्गो जिन्दगी
चहराइरहेछ
हिउँको फिज !

– औंला चाट्दैछन्
जर साहुबहरू
नङमा गुहु !

– प्रिय जिन्दगी
म के दिऊँ तिमीलाई
मेरो मृत्युमा !

– एक्लो मान्छेले
हिमाल उचालेर
रूनु व्यर्थ छ !

– स्वर्ग थाम्न
यहाँ त गोरूले जोत्छ
मानिसलाई !

– भो म लेख्दिन
आकाशको कविता
माटो खाएर !

– यन्त्र मानव
मेरी प्रेयशीलाई
सम्भोग गर्छ ।

– यत्रो युद्धमा
हामीले प्राप्त गर्यौं
जिरो नम्बर !

– लक्ष+संकल्प
—धैर्य × हिउँको यात्रा
=लंगोटी जात्रा !!

– मुसा जाँदैछन्
बिरालोको घरमा
इन्साफ खोज्न !

– लेख्नुघेरै छ
प्रिय कवि !
कलम नभाँच !!

निबन्ध

आफैलाई टेकेर हिंड्दा

–फणीन्द्रराज 'खेताला'

१. गतिशील समयसँगै आफैलाई आफूले टेकेर हिंड्दा, अतीतदेखि आजसम्म धेरै राम्रा–नराम्रा, तीता–मीठा भोगहरू भोगेर जीवनको तेस्रो वय–सन्धीमा आइपुग्दा मैले आज जस्तो अशान्तिको अनुभव भएको पाएको थिइँन कि भन्ने जस्तो लाग्छ। भर्खरै सुनें मेरो भानिजभाई माधव अब यो संसारमा रहेन, ऊ अतीत भयो मानव–इतिहासको पन्नामा। उसले भोगेका भोग व्यतित बने। उसले टेकेका पाइला भेटिए। भूगोलको यात्राक्रमको टुङ्गो लगाएर ऊ अनन्त पथको यात्री बन्यो। माधव मेरो नातेदार भन्दा बढी, मेरो बाल एव किशोर वयको सखा थियो। अब छैन। पञ्चतत्वले आफ्ना–आफ्ना भाग लिए। उसको आत्मा यतै कतै उसका परिवार इष्टमित्रको वरपर भौंतारी रहेको होला वा परमात्मामा लीन भयो म भन्न सक्दिन। ऊ सोझो प्रकृतिको थियो।

२. भैले भर्खरै, बिहानको रेडियो नेपालले आफ्नो खबर पढ्ने सिलसिलामा ओकल्यो– मक्काको एउटा सुरङ्गमा, हज यात्रामा गएका चौधसय (त्यो भन्दा बढी पनि हुनसक्छ) मानव–पुत्र आफैं आफैं थिचिएर र किचिएर मरे। कैयौं मुलुकबाट धार्मिक आस्था र विश्वास बोकेर त्यहाँ पुगेका तिनको यात्राको त्यहीं टुङ्गो लाग्यो। यो त भर्खर, हिजो र आजको घटना हो। २०४६ फागुन ७ गतेदेखि नेपालमा तानाशाही शासनको विरुद्ध भएको जनक्रान्तिमा कैयौं युवक–युवतीले आफ्नो जीवन उत्सर्ग गरे र उनन्तीसवर्ष चार महिनाको प्रजातन्त्रको दुहाई दिएर जनताको आँखामा छारो हाली चलाइएको निरंकुशताको बेडी छिनाल्न सकियो, प्रजातन्त्रको पुनः स्थापना भयो। नेपालमा भएको यो विशुद्ध जनक्रान्ति थियो। केही दिन अघि इरानमा ठूलो भूइँचालो गयो। असी हजार भन्दा बढी मानिसले ज्यान गुमाए। यसमा युवक–युवती, बूढा–बूढी र बालक–बालिका सबै प्रकारका थिए। त्यो बेला प्रकृति दानव बन्यो। आफ्नो विकराल लीलाले धेरैलाई निल्यो। प्राचीन सभ्यताको थलो इरानमा आजको सभ्यता फेरि पुरियो। १९९० सालमा नेपालमा आएको भूइँचालो बारे मलाई थाहा छ। म त्यो बेला किशोर वयको थिएँ र चौथो कक्षामा अध्ययन गर्थें। त्यो बेलाको नरसंहार र शहरको भग्न अवस्थाको अर्थ सम्झना आउँछ।

३. समय कति अघि बढिसक्यो। आफ्ना धेरै

अघ्रहरू अघि लागिसके । यो प्रकृतिको नियममा विज्ञानले अर्झै हस्तक्षेप गर्न सकेको छैन । न त धर्म वा दर्शनले नै यसमा बढि केही गर्न सकेको छ । त्यसैले म पनि अरूले जस्तै आफैंलाई टेकेर अघि बढ्दै छु । बुद्धदेखि गान्धीसम्म, सुकरातदेखि थोरोसम्म, नीरो देखि हिटलरसम्म यी सबै समयमै आफूलाई टेकेर हिंडे र आज इतिहास बने । गान्धीलाई मैले दुई पटक देखें, हिटलरको कुरा सुनियो, पढियो । चन्द्र शम्सेर देखि मोहन शम्सेरसम्म राणा प्रधानमन्त्री देखियो र तिनका शासन व्यवस्थाबाट देशले खप्नुपरेको मर्का देखियो र भोगियो पनि । यसबाट एउटा कुरा पक्का के अनुभव हुन्छ भने इतिहास राम्रो गर्ने र नराम्रो गर्ने दुवैको हुन्छ, तर फरक चाहिं केवल यत्ति छ कि राम्राको इतिहास पढेर प्रेरणा पाइन्छ भने नराम्राको पढेको चाहिं शिक्षा, तर नराम्रो र खराब भएन भने असलको पहिचान नै कसरी गर्ने ? त्यसैले प्रकृतिले पनि आफ्ना क्रियाकलापलाई कुनै कुनै बेला नराम्रो प्रकोपको रूपमा प्रयोग गर्ने गरेको होला । त्यसकारण मेरो आफ्नो विचारमा के लाग्छ भने अन्धकारबाटै उज्यालोको विकास भएको हुनुपर्छ ।

४. विज्ञानले धेरै उन्नति गऱ्यो । आजका हामी निकै भौतिकवादी हुँदै गैरहेका छौं, किनभने हाम्रा क्रियाकलाप त्यस्तै देखिन थालेका छन्, हाम्रा आवश्यकता र चाहना बढेर गएका छन् भने तिनको प्राप्तिका लागि उपाय पनि अनेक निस्किएका छन् । कुनै दिन किशोर वयमा, एक मोहर प्राप्तिको लागि मैले आफ्नी आमालाई घुर्की देखाउन केहीबेर अर्थात् झण्डै तीनघण्टा भोक हडताल गरेको कुरा थाहा छ । पछि आएर पो मैले महात्मा गान्धीको लामो अनसन अर्थात् भोक हडतालको बारेमा सुनें र पढें । हाम्रै नेपालमा पनि बी. पी. कोइरालाको एक्काइसदिने अनसन ऐतिहासिक बनेको छ । तर अब त त्यति मात्रै होइन जुलुस, घेराउ आदि पनि उपाय बनेका छन् भने अर्को उपाय भद्र-तस्करी ('भद्र-तस्करी' यो मेरो आफ्नो शब्द प्रयोग हो र यसको अर्थ हो-सुन ओसार्ने काम, मूर्ति बेच्ने काम, लागू पदार्थको ओसार पसार र भिजि बन्द व्यापार आदि) पनि हो । यी सबमा एक कुनै ठोस आर्थिक आधारले काम गरेको छ भने अर्कोतिर सामूहिक जनअधिकारको लागि गरिने प्रयास पनि मानिएको छ । संघर्षले आफ्नो दौरानमा कु र सु दुवै प्रकारका भावना बोकेको व्यक्ति पैदा गर्छ । त्यसैले मलाई लाग्छ मैं पनि कति सुभावनाले सिंगारिएको छु भन्न सक्दिनें । मैले धेरै कवि, लेखक, नेता, समाजसेवीसँग बेला मौकामा भेट्ने र सँगै बसी काम गर्ने, विचारको आदान प्रदान गर्ने मौका पाएको छु । विश्वका नेतालाई देख्ने र उनका वाणी सुन्ने मौका पाएको छु र मैले यो युगमा आफ्नो जन्म भएकोलाई बडो ठूलो सौभाग्य पनि सम्झेको छु किनभने यो एउटा यस्तो परिवर्तनको युग भएर रह्यो जसमा धेरै ठूला ठूला निर्णय भए, परिवर्तन भयो र कैयौं साम्राज्य राज्यमा सीमित हुन पुगे । ठूला ठूला दुई महायुद्ध लडिए । नेपालबाट जहाँनिया शासन हटयो । प्रजातन्त्रको स्वाद राम्ररी लिन नपाउँदै फेरि निरंकुश पञ्चायती शासनले जरा हाल्न खोज्यो, तर नेपाली जनता जागरूक भैसकेकोले फेरि आज हामी प्रजातन्त्रको उषाकालीन आनन्द लिंदै छौं ।

५. धरणीधर कोइराला साहित्य, शिक्षा र केही-केही राजनीतिमा समेत चर्चित र विशिष्ठ स्थान ओगट्ने नाम हो । उनको, म भन्दा दुई वर्ष जेठो कविता संग्रह, नैवेद्य (१९७७), मैले वि.सं. १९९५ सालमा, कुनै एक साथीको घरमा फेला पारेर पढें । त्यतिबेला त्यो पुस्तकले नेपाल प्रवेश पाउँदैनथ्यो ।

त्यो संग्रहका– 'गुहार' र 'नेपाल तिम्रो मुहुडा हँसिलो ...' कविताले मलाई निकै प्रभावित पार्‍यो । त्यो बेलाका धेरै युवकले त्यो पढ्यौं । उनीसँग २०१८ सालदेखि मैले राम्रै परिचय पाएँ र करिब दुई वर्ष मैले उनकै साथमा रही त्रिभुवन आदर्श विद्यालय, फर्पिङमा अध्यापन गर्ने सौभाग्य पाएको थिएँ, उनी त्यहाँका प्राचार्य (**Principal**) थिए । व्यक्तिगत रूपमा मैले उनीलाई सुधारप्रिय एक नैतिक राष्ट्रवादी व्यक्तिको रूपमा पाएँ । मैले कैयौं कुरा उनीबाट सिकें र उनमा एउटा खास असन्तोष मैले के पाएँ भने– हामीले जैलेसम्म सामूहिक स्वार्थको वास्ता नगरी आफ्नो निहित स्वार्थमा परी जे मनलाग्यो त्यो गर्छौं त्यो बेलासम्म हामी सभ्य भनाउन लायक छैनौं भन्ने उनको भनाई निकै राम्ररी बुझें । मैले आफूलाई त्यही अनुरूप ढाल्ने प्रयास पनि गरें र गर्दैछु ।

६. मेरो गमलामा एक जातको पाते क्याक्टस छ ।- त्यो झाँगिएर चारैतिर हाँगा हाली वर्षमा तीनदेखि चार पटकसम्म सेतो कमल जस्तो केस्रै केस्रा भएको फूल फुल्छ, साँझपख । रातभर सुगन्ध दिएर वातावरण गमक्क पारी बिहान ओइलाउँछ । क्षणिक जीवनमा पनि उसले आफ्नो सुभ्र रूप र स्निग्ध बास्नाले जस्तै क्रूरलाई पनि आफूतिर आकर्षित गर्छ । यो देख्दा म सम्झन्छु सायद मानव जीवन पनि यही हो । महान् आत्मा आउँछन्, आफ्नो कर्तव्य पूरा गर्छन्, जान्छन् । फूलको काम सुवास दिनु र जानु नै हो भने मानिसको कर्तव्य पनि राम्रो र जनहितको काम गरी जानु हो जस्तो लाग्यो । गमलामा ओइलिएका ती क्याक्टसका फूल देख्दा मनमा कस्तो–कस्तो लाग्यो, तर एकै छिनपछि प्राकृतिक कानूनको अगाडि नतमस्तक हुनु नै पर्ने यथार्थताको बोध भए पछि सम्झें यो त जीवनको गति हो ।

७. प्रगतिको अर्थ अगाडि बढ्नु हो, तर अरूलाई थिचेर र किचेर होइन तापनि सत्ता र स्वार्थको भोकले मानिसलाई बाध्य तुल्याइदिन्छ यद्यपि परिणाम मानिसलाई थाहा हुन्छ र ऊ कहिले त्यसको असरबाट पैदा हुन आउने अवस्थासँग जुझ्न तैयार रहन्छ भने कैले समर्पणको लागि । यो जीवनको गति र चक्र हो । मानिस जब उमेर र शारीरिक शक्तिले कमजोर हुन्छ त्यतिबेला र परिस्थितिको मार परेको बेला बढी ईश्वरवादी र धार्मिक बन्छ भन्ने मेरो धारणा बढ्दै आउन थालेको छ र मैले कैयौं यस्ता व्यक्ति देखेको छु । मानिस आफैंले आफूलाई टेकेर अघि बढ्दै जाँदा अनुभव बटुल्दै र बटुलेका पुराना छोड्दै पनि जान्छ । अनि एकदिन ऊ यस्तो विरानो ठाउँमा पुगिसकेको हुन्छ जहाँ उसले अघि आफ्ना भनी माया ममता र प्रेम गरिएका जति पछि छोडिइसकेका हुन्छन् । एउटा बाटोमा हिंडेका मानिसहरू कसलाई त्यति फुर्सत हुन्छ र ती तपाईसँग भलाकुसारी गरून् । त्यसैले त महा पुरुषहरूले– 'एक्लै आफ्नो गन्तव्यतिर लाग्न' अभिप्रेरित गरेका हुन् । यो नै मानिसको आफूप्रतिको इमान्दारी हो । देश र समाजप्रतिको इमान्दारी नै मानिसको कर्तव्य हो । त्यसको लागि समुचित अधिकार पाउनुपर्छ । भर्खरै जन्मिएको बालकले रोएरै भए पनि पैले अधिकार खोज्छ भविष्यमा पालन गर्नुपर्ने कर्तव्यको लागि आफूलाई दो बनाउन । त्यसैले अगाडि बढ्नुको अर्थ अधिकार र कर्तव्यलाई परिचालन गर्नु नै हो भन्ने पनि मलाई लाग्छ । अधिकार कर्तव्यको मौलोमा आफूलाई बलि दिए सुकरातले, तर इमान्दारी छोडेनन् । मर्ने बेलामा पनि अर्काको उधारो कुखुरा खाएको बिसिएनन् बरू आफू र आफूमा पैदा हुँदै गएको विषको वेदनालाई तुच्छ र नगण्य ठाने । ✶

"उपाधी"

–विश्व निरंजन टण्डन

यो कस्तो संगसाथ !
कठाङग्रीएको प्रभात
खुम्चिएको पारिजात
कतै घात, कतै प्रतिघात
वर्षात पछिको रात,
कतै घृणाको शुरूवात
कतै मलामी कतै बरात
कतै पूर्णिमाको चाँद, कतै विषाद
कतै नमिल्ने जातभात ।
कतै नाङ्गो फेशन, कतै आदर्शको अधिवेशन
सभ्यता, असभ्यता, केवल बाध्यता
अत्याचार, सबै लाचार
मौन सभ्यता, तर हाहाकार
सबै बुद्धिमान तर कुविचार
सबै आदर्शवान्, तर बलात्कार
सबै न्यायको पक्षमा, तर
सबैको सबैप्रति अत्याचार
सबै प्रेमी तर मारामार ।
यसैले ऊ त्यो शिशुलाई हेरन
जो आगोको फिलिङ्गो समात्न
बामे सर्दै .....
अगेनाको छेउमा पुग्न उद्यत हुन्छ
अनि ममतामयी आमा
शिशुलाई त्यसो गर्न रोक्छिन्, तर उ रून्छ
आमाकै विरोधमा आगो समात्न उद्यत हुन्छ ।
त्यस्तै मलाई लाग्छ–
मन अधीर तर उपाधी वीर
अतितका, हार र जीतका,
जो युद्धका सञ्चालक हुन्
बिचरा नाबालक...!

चार मुक्तक

–मोहन दुवाल

१. भय

टन्टलापुर घाममा
जीउ सुकाएर
बुझ्याँचामा अस्तित्व कल्पेर
जीवन सोच्नु पनि
भयावह हुनसक्छ ।

२. निरर्थकता

चिप्लेकीराको हिंडाइ
ज्यादै सुस्त हुन्छ
नाङ्गै जीवन भोगेर
आधारभूतको खोजी
निरर्थक बकवास हुनसक्छ ।

३. आत्म–पीडा

खोइ– के भने खोइ !
जीवन उराठ–उराठ रूपमा सोचेपछि
मनस्थिति सड्न सक्छ
धरहरा नै अग्लो सोचेर
जीवन भोग्नु पनि कष्टप्रद हुनसक्छ ।

४. असहाय

वातावरणमा आशङ्काहरू झुण्डिएजस्तो
एजेन्ट अनुहारहरू लुक्दैछन्
देशलाई पोकोमा बटुलबाटुल पार्न खोजेर
सम्भावनाको उदय गाह्रो भएपछि
तिनको जीवन 'दैव' सहायमा नै रम्न सक्छ ।

बनेपा

साहित्यकारको रुपमा विश्वेश्वर प्र. कोइराला

–राम प्रसाद पन्त

नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन्– विश्वेश्वर प्रसाद कोइराला । जीवनमा आइपरेका विभिन्न बाधा व्यवधान र अड्चनको बावजुद पनि बी. पी. ले आफ्नो सिद्धान्तलाई परित्याग गरेनन् । राजनैतिक क्षेत्रमा जसरी एक राष्ट्र नेपालको मात्र नभएर विश्वकै सशक्त र दार्शनिक नेताको रूपमा चिनिए, त्यसैगरी साहित्यमा पनि उनको बेजोड कलम चल्यो । उनी अल्पकालीन अवस्थाका एकदेशीय वा क्षेत्रीय साहित्यकार नभएर बहुकालिक एवं युगीन साहित्यकारको रूपमा चिनिए । यसरी उनीद्वारा लिखित साहित्य जुनसुकै देशकाल र परिस्थिति सुहाउँदा छन् ।

वि. सं. १९७२ मा वाराणसीमा जन्मेर विराटनगरमा स्थायी बसोबास भएका बी. पी. ले काशी हिन्दू विश्वविद्यालयबाट बीए. बी एल. गरी कलकत्तामा एम ए. को अध्ययन गरेका थिए । उनले आफ्नो जीवनलाई साहित्यमा बाल्यावस्थादेखि नै लगाए । उनको बाल्यावस्था हिन्दुस्तानमै बितेकोले सर्वप्रथम उनले हिन्दी भाषामा गद्यात्मक कविता लेखे । त्यसपछि उनको कलम कथाविधामा पनि चल्न थाल्यो । उनका केही कथाहरू प्रेमचन्दको सम्पादकत्वमा निस्कने 'हंस'मा प्रकाशित भए । यसैगरी अरू पनि धेरै कथाहरू इलाहाबादको 'भविष्य' कलकत्ताको 'विशाल भारत' इन्दौरको 'वीणा' र पटनाको 'हिमालय' आदि पत्रिकाहरूमा प्रकाशित भए ।

नेपाली भाषामा उनको साहित्यिक जीवनको शुरूआत 'शारदा' (१९९२)देखि भयो । त्यस पत्रिकामा प्रकाशित 'चन्द्रवदन' कथा उनको फ्रायडीय मनोविज्ञानमा आधारित प्रथम मौलिक कथा हो । त्यसपछि उनका कथाहरू 'कथा कुसुम' लगायत विभिन्न पत्र–पत्रिकामा प्रकाशित भए ।

हालसम्म प्रकाशित वि.पी. का कृतिहरू निम्न छन्–

दोषी चस्मा – (कथा संग्रह) २००६
श्वेत भैरवी – (" ") २०३९
तीन घुम्ती – (उपन्यास) २०३५
मोदि आइन – (" ") २०३६ [तीन दिनमा लेखिएको]
सुम्निमा – (" ") २०३७
नरेन्द्र दाई – (" ") २०३७
हिटलर र यहुदी – (" ") २०४०
बाबु आमा र छोरा – (" ") २०४५

यसरी कृतिको रूपमा सर्वप्रथम विभिन्न १६ कथाको सगालो वि. सं. २००६ सालमा 'दोषी चस्मा'को रूपमा प्रकाशित भएको हो । जुन संगालोले नेपाली साहित्यमा एउटा नयाँ प्रयोग र नयाँ धारणालाई प्रवेश गरायो ।

'दोषी चस्मा' कथा संग्रहमा एकातिर जहानीयाँ राणा शासनमा प्रचलित चाकरी र चापलुसीको सजीव चित्रण गर्न खोजिएको छ भने अर्कोतिर मानिसका मनोग्रन्थीहरूलाई प्रष्टयाउन खोजिएको छ । मनोविश्लेषणवादी कथाकार भएकोले बी. पी. ले यस संग्रहमा मात्र होइन कि अधिकांश कृतिहरूमा मानिसका यौन कुण्ठा, यौन अतृप्ति र विसंगतिलाई प्रष्टयाएर नेपाली साहित्यमा एउटा नयाँ आयाम ल्याउने काम गरेका छन् । यस अर्थमा उनी सिगमण्ड फ्रायडको प्रभावबाट प्रभावित छन् भन्न सकिन्छ ।

वि. सं. २०१७–२५ को कारावासमा लेखिएको अर्को कथा संग्रह हो– श्वेत भैरवी । यस संग्रहमा विभिन्न चार कथाहरू– सान्नानी, राइटरबाजे, एकरात र श्वेत भैरवी संग्रहीत छन् । यी कथाका स्रष्टा श्री कोइराला सार्त्र, कामु र काफ्काजस्ता दार्शनिकका दर्शन शास्त्रहरूबाट प्रभावित भएको कुरा स्पष्ट उल्लेख गर्न सकिन्छ ।

यसैगरी वि. पी. कोइरालालाई उपन्यासकारको रूपमा हेर्दा उनी एक दिग्गज साहित्यकार देखापर्छन् । उनका तीन घुम्ती, मोदि आइन जस्ता उपन्यासहरू हिन्दी, बंगाली र अंग्रेजी भाषामा पनि रूपान्तरित भैसकेका छन् । उनका उपन्यासहरूको छोटकरीमा परिचय गरी हेरौं–

तीन घुम्ती उपन्यासकी पात्र इन्द्रमायाले गरेका तीनवटै साहसिला निर्णयहरूलाई पाठकले स्वागत गरेका छन् । जुन पात्रले बाबु आमाको इच्छा विपरीत पिताम्बरसँग वैवाहिक सम्बन्ध स्थापना गर्ने विचार गरेर ठूलो विद्रोह गरेकी छ । लोग्ने जेल पर्दा आफ्नो यौन पीडा वा यौन असन्तुष्टीलाई तृप्त गर्न उसले रमेशसँग यौन सम्बन्ध कायम गर्छे र छोरी पनि जन्माउँछे । शारीरिक काम वासनाको तृप्ती जैविक आवश्यकता अनुरूप गर्दा पाप लाग्दैन भन्ने उसको विचार छ । लोग्ने जेल मुक्त भएपछि अस्थायी रूपमा ग्रहण गरेको त्यो यौन तृप्तिलाई परित्याग गरेर लोग्नेको आश्रयमा आउँछे तर लोग्नेले स्वीकार नगरे पछि छोरी लिएर ऊ अलग्गिन्छे ।

मोदि आइन– जो महाभारत जस्तो विशाल कथा वस्तुलाई छोटो उपन्यासमा समेटेर बी. पी. ले एक कुशल प्रतिभाको परिचय दिएका छन् । मोदि आइनले अन्य उपन्यासको तुलनामा बेग्लै विषयवस्तु अवलम्बन गरेको छ । 'बाबु ! तिमी ठूलो मान्छे होइन असल मान्छे बन्नु' भन्ने सन्देश यस उपन्यासबाट पाइन्छ । अन्य उपन्यासको तुलनामा बेग्लै कथावस्तु दिई मौलिकता हासिल गर्न सक्नु यसको विशेषता हो ।

सुम्निमा उपन्यासले परम्परागत रूपमा जकडिएर रहेका सांस्कृतिक मूल्य र मान्यताहरूलाई भताभुङ्ग पारी दिएको छ । दुई भिन्न संस्कृतिमा हुर्केका स्त्री–पुरुषको मिलन गराएर अर्थात् अध्यात्म र भौतिकतालाई समन्वयात्मक रूपमा पहिचान गराएर बी.पी. ले अत्यन्तै उत्साही काम गरेका छन् । आफ्नो धर्म र सांस्कृतिक परम्परामा विश्वास गर्ने सोमदत्त र उसकी स्वास्नी पुलोमाको दाम्पत्य जीवन शुष्क एवं नीरश हुन्छ । यसै यौनको अतृप्ती र असन्तुष्टीबाट सोमदत्त भिल्ल कन्या सुम्निमा प्रति आकर्षित हुन्छ भने पुलोमा

पनि त्यसै अतृप्तीको कारणबाट बाल्यकालको साथी भिल्ल युवक प्रति आकृष्ट हुन्छे। आखिर भिल्ल युवकको सम्झनामा डुबेकी, यौन असन्तुष्टीले छट्-पटीएकी पुलोमाको देह माथि सुम्निमाको उन्मादयुक्त शरीरबाट मदहोस भएको सोमदत्त होमिएर दमित र कुण्ठित यौनको पूर्ण सन्तुष्टी लिन्छ।

नरेन्द्र दाइ उपन्यासमा पनि पारस्परिक मूल्य र मान्यताको स्पष्ट अभिव्यक्ति दिन खोजिएको छ। अर्थात् नारी पात्रको सूक्ष्म मनोविश्लेषणलाई प्रष्टाउन खोजिएको छ। नरेन्द्रको मन पत्नी र प्रेमिका बीचको अन्तर्द्वन्दले विभाजित छ। प्रेमिका (मुनरिया) ले नरेन्द्रको स्नेहील बाहुपाशमा बाँधिएर जीवन सार्थक गराउन चाहन्छे। प्रेमको सार्थकता र सफलता नै यौनको चरमानन्द हो र यही नै मुक्ति र मोक्षको बाटो पनि हो भन्ने उसको धारणा छ।

हिटलर र यहुदीमा भारतको बम्बईदेखि युरोप सम्मको जहाज यात्रानुभवलाई अभिव्यक्त गरिएको छ। यस उपन्यासमा यहुदीहरू प्रति सहानुभूति प्रकट गरिएको छ भने तानाशाही हिटलरलाई घृणाको दृष्टिले हेरिएको छ।

बाबु आमा र छोराको कथावस्तु सामाजिक सम-स्याको सेरोफेरोमा सिजिएको छ साथै यौन एव मनोविश्लेषणलाई पनि प्रष्टयाउने प्रयास गरिएको छ। दुई पत्नीहरूको शारीरिक सहवासमा कथाको नायक रमाएको छ। यसरी बाबु आमा र छोराको त्रिकोणात्मक प्रेम सम्बन्धलाई मनोविश्लेषणात्मक ढंगबाट प्रस्तुत गरिएको छ।

जसरी बाल्यावस्थादेखि नै बी. पी. को झुकाव साहित्यमा रहँदै गयो त्यसैगरी राजनैतिक क्षेत्रमा पनि बी. पी. को संलग्नता उत्तिकै रूपमा रह्यो। यसरी साहित्य र राजनीति बी. पी. को जीवनमा रथका दुई पांग्रा जस्तै समानुपातिक र समानान्तर भएर एकसाथ अगाडि बढे।

नेपाली कांग्रेसको निमित्त बी. पी. एक मस्तिष्क थिए। अर्थात् संस्थापक सदस्यको रूपमा रहँदै आएका बी. पी. नेपाली कांग्रेसका एक मार्गदर्शक तथा दूर-दर्शी राजनीतिज्ञ थिए। जसको अभावमा पार्टी दिशाविहीन भै विखण्डित हुन सक्थ्यो। यसैगरी उनले अपनाएको समाजवादलाई नेपाली कांग्रेसको मुटुको रूपमा लिन सकिन्छ। जसको अभावमा पार्टी प्राणविहीन भै ढल्न सक्छ। यस अर्थमा बी. पी. लाई हामी एक युग पुरुष र युग नेताको रूपमा चित्र सक्छौं।

वि. सं. २००४ सालदेखि बी. पी. कोइराला सक्रिय रूपले राजनीतिमा संलग्न भए। २००७ सालको क्रान्ति पश्चात् आएको प्रजातान्त्रिक कालमा गृहमन्त्री र २०१५ को आमनिर्वाचन पछि देशको प्रधानमन्त्री समेत हुन पुगेका बी. पी. २०१७ सालको प्रजातान्त्रिक हत्यापछि जेल कोचिए। साहित्य प्रति प्रशस्त चाख हुँदा हुँदै पनि राजनैतिक व्यस्तताले गर्दा २००४ सालदेखि कथा लेख्न नपाएका बी. पी. ले सुन्दरीजल बन्दी गृहमा रहँदा तीन घुम्ती, नरेन्द्रदाइ र सुम्निमा उपन्यासका साथै श्वेत भैरवी लगायत आत्मचरित्रका केही भाग र केही कथाहरू पनि लेखे। यसरी बी. पी. लाई केवल साहित्यकारका रूपमा मात्र हेर्ने हो भने पनि उनी नेपाली साहित्या-काशमा कहिल्यै नअस्ताउने नक्षत्र हुन भन्नुमा अति-शयोक्ति हुँदैन।

साहित्यकार विश्वेश्वर प्रसाद कोइराला समग्र रूपमा मनोवैज्ञानिक एवं मनोविश्लेषणवादी कथाकार हुन् । उनले मानवका चेतन अर्धचेतन तथा अवचेतन मनका भावलाई पैलाई कथा साहित्यमा एउटा अर्को आयामको सिर्जना गरेका छन् । उनका प्रायः सबैजसो कथा एवं उपन्यासहरू युग्मेच्छा, रतिराग, कामस्यस्या, सहानुभूति, सख्य, आर्थिक वैसम्य, प्रणय आदि पक्षको सेरोफेरोमा पर्छन् । कुनै समस्याको उद्घाटन गर्दा उनले कथालाई दुर्बोध्य बनाउँदैनन् बरू मनस्तात्विक भाव सरस भनाई र सरल भाषा प्रयोग गरेर पाठकहरूको मन जित्न सफल भएका छन् ।

कोइरालाको अर्को विशेषता हो– व्यंग्य । उनका अधिकांश रचनामा व्यंग्य पाइन्छ । अनि करूण रसाई दिने पाइन र शिक्षा दिने प्रवृत्ति पनि । चेखव, मोपासाँ, फ्रायड आदि विदेशी विद्वान्सँग प्रभावित भएर पनि उनका रचनामा पुरापुर नेपालीपन र मौलिकता पाइन्छ । एकदमै चोखो मौलिकता ।

बी. पी. को तेस्रो विशेषता हो– निस्वार्थता । उनले लेखक बन्ने र नाम कहलाउने विचारले कहिल्यै लेखेनन् । जे जति लेखे– शोषण र दमनका विरोधमा लेखे अनि लेखे– समाजमा नयाँ जागृति ल्याउने विचारले ।

उनमा रहेको सबैभन्दा ठूलो विशेषता के भने उनले जे जति साहित्य सिर्जना गरे– ती सबै रचनाहरू देश काल परिस्थितिको साँघुरो घेराबाट अलग्गिएर सिर्जना गरे । उनका पात्रले जस्तोसुकै कपडा लगाए पनि जस्तोसुकै ठाउँमा बसे पनि ती सबै विश्वको कुनासम्म समान रूपले सत्य साबित हुन्छन् । उनका रचाहरूले मानवीय मर्यादालाई ख्याल राख्छन् । मानववादको वकालत गर्छन् र सबै मित्रमाथि सजिला र रसिला गफ गरेर रसामृत बर्साउँछन् ।

बलेटक्सार, गुल्मी

२०४७ सालको

बड़ा दशैंको सुखद उपलक्ष्यमा

समस्त देशवासीहरूमा

हार्दिक मंगलमय

शुभकामना व्यक्त गर्दछौं

साझा यातायात परिवार

हरिहर भवन

२०४७

विजया दशमीको

पुनीत उपलक्ष्यमा

समस्त देशवासीहरुमा

मङ्गलमय शुभकामना ।

साझा प्रकाशन

पुल्चोक

नारी तिमी !

–ARPI अनपढ

सीता र सतीका सन्तान तिमी !
पुतना र सुर्पणखा नबनीदेऊ
सुकर्मको इतिहास बोकेका पतिब्रताहरू !
दुष्कर्ममा नलागिदेऊ
तिमीमा अनन्त शक्ति छ
तिमी अनन्त छयौ
तिम्रो एक इसारामा
बवण्डर हुरी आउन सक्छ
एउटा प्रलय मच्चिन सक्छ ।

हे बहुरूपी नारी !
विष वमन गर्ने पनि तिमी नै हौ
पियुषधारा बनाउने पनि तिमी नै हौ
घरलाई स्मसान तुल्याउने पनि तिमी नै हौ
घरकी साक्षात लक्ष्मी पनि तिमी नै हौ ।

हे विचित्र मायाधारी नारी !
तिमी आफ्नो मायाले विश्व नचाई दिन सक्छयौ
आफैं सुखी बन्न सक्छयौ
र, अर्कोलाई सुखी तुल्याउन सक्छयौ
तिम्रो लीला अपरम्पार छ
गन्तव्य छैन अनकण्टार छ
पार नलाग्ने भव सागर छ ।

तिमी दुर्गा हौ !
उग्रचण्डी पनि तिमी नै हौ
मरुभूमि माथि तत्काल करूणा सागर जमाई दिने
चटकेकी जादु पनि तिमी नै हौ
कहिले दानवको रगत चुस्छयौ
कहिले मानवको मगज लुस्छयौ
तिमी अकल्प्य छयौ/अज्ञात छयौ
सृष्टिकी अनोखी छयौ ।

तिमी हाँसे ईश्वर हाँस्छ
उज्वल बन्दछ मुहार
तिमी रोए जगत रून्छ
घर बन्दछ उजार
तिम्रो सृष्टि अपरम्पार
नारी !
अथाह सागर ।

धरती आकाश, नेपाल

संसार एउटा सुन्दर पुस्तक हो, तर जो यो पुस्तक पढ्दैन उसको लागि निरर्थक छ ।

–गोल्डोन्नी

चेतनारायण आचार्य

वि. सं. १९९७ सालमा ग्वालीयर बाग्लुङमा जन्मनु भएका यस कविताका कविले वाराणसीबाट आई. ए. स्तरको शिक्षा हासिल गरी नेपाल फर्केर अध्यापन पेशा गर्दै हुनुहुन्थ्यो तर विधिको विडम्बना ! उहाँले धेरै दिन संसार देख्न पाउनु भएन । आँखा विस्तारै कमजोर हुँदै गएर पूर्णतः बन्द भए । नेपालमा पञ्चायती शासनको विरुद्ध जनआन्दोलन शुरू गर्ने मिति तय गरिएपछि प्रस्तुत कविता लेख्नु भएको रहेछ । ढिलै भएपनि प्राप्त हुन आएको यो लामो कविताबाट केही अंश छापिएको छ । –प्र. सं.

कविता

नेपाल आमाको सन्देश

प्रारम्भ यही अब सात फागुन ।
आह्वान गर्छु सब मिलि आउन ।।
पवित्र आत्मा स्थिर शान्ति बोकी ।
हटाउ बाधा नभनेर भोली ।।१।।

असह्य भो वेदना खट्न हाई ।
सन्देश दिन्छु अघि बढ्नलाई ।।
आबद्ध एकै स्वर बीच भावना ।
उज्यालो पार्न अब झट्ट जागन ।।२।।

+

मेरै लागि

–जननि प्रसाद रिजाल

शम्भुको कोटी सूर्य झैं, तेस्रो नेत्र खुलिदियोस् ।
झारपात सबै चिज, ढढेर सब भस्म होस् ।।
पानी पानी बनोस् धर्ती, सागरले ठाउँ छाड्दियोस् ।
यस्तै बखतमा मेरो, नाम शेष भइदियोस् ।।

प्रचण्ड ग्रीष्मको धूप, मेघले नभ ढाकियोस् ।
आँधि तूफान आएर, पहाडहरू चकियोस् ।।
गर्जेर वज्रको चट्याङ, मै माथि त्यो झरिदियोस् ।
यस्तै बखतमा मेरो, देहान्त पनि भैदियोस् ।।

कविता

होशियार

–खडानन्द पौडयाल

अर्काथरि बिराला ती
काँशी जाने बहाना बनाई
मुसा जति बटुलेर
रक्षा गर्ने वचन मिलाई
गर्दछन् ती षडयन्त्रको
जाल हाम्रै सामु फिजाई
लिडे मुसो चिनो राखे
नब्र नाश्लान् सबलाई समाई ।

शंकर पोखरी, पर्वत

मुक्तक

–बी. पी. शाही

कहीं कतै कोलाहल भए
तसिएर बसिरहेको हुन्छु म
कहीं कतै वेदनाले मन दुःखिदिए
बगरको माछा झैं तड्पीरहन्छु म ।

घनघोर वर्षाको मुसलधारे पानीमा
कतै कुनै छेउमा ओत लाग्न नपाए झैं
सुख र आनन्दले रमाइरहेको वेला
मेरी प्रेयशीलाई सम्झीरहन्छु ।

मित्रपार्क, चावहिल

सर्बमान्य नेतालाई बधाई !

अमेरिकाको पीस रन संस्थाले हार्दिक एकतासहित विश्वलाई उकास्ने काममा योगदान गरे वापत प्रति वर्ष प्रदान गर्ने सन् १९९० को पुरस्कार नेपाली कांग्रेसका सर्वमान्य नेता गणेशमान सिंहलाई प्रदान गर्ने निर्णय गरेको छ । र पुरस्कार ग्रहणको लागि पनि निमन्त्रणा दिइएको छ ।

प्रत्येक वर्ष आयोजना गरिने ओलम्पिक किसिमको सो रिले दौडमा १९९१ मा भाग लिन नेपाललाई पनि निमन्त्रणा प्राप्त भएको छ ।

जनआन्दोलन पश्चात् जन्मिएका पार्टीहरू (थाहा पाएसम्म)

१. राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा)
२. राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द)
३. नेपाल सद्भावना पार्टी
४. जनता दल
५. नेपाल प्रजातान्त्रिक युवा लीग
६. राष्ट्रिय जनता पार्टी
७. राष्ट्रिय प्रजातान्त्रिक एकता पञ्चायत पार्टी
८. कन्जर्भेटिभ पार्टी
९. लिबरल डेमक्रेटिक पार्टी
१०. नेपाल जनता पार्टी
११. संयुक्त प्रजातन्त्र पार्टी
१२. नेपाल पञ्चायत परिषद्
१३. नेपाल जनहीत पार्टी
१४. राष्ट्रिय जनजाति पार्टी
१५. विकास दल
१६. नेपाल तराई मुस्लिम कांग्रेस पार्टी
१७. नेपाल राष्ट्रिय जनमुक्ति मोर्चा